# कुमारी राई

मिस तपाईको यहाँ रेकर्ड पनि गरी राखेका छौं हामीले । सुरुगरौ त सर्बप्रथम  कार्यक्रममा यहाँ हरुलाई मेरो नमस्कार । म कुमारी राई । मलाई बाल्यकालमा चाहिँ मेरो ढककुमारी राई भनेर चिन्नुहुन्छ । सबैजनाले मेरो माइती गाउँमा चाहिँ । र मेरो जन्म एउटा सानो किसान परिवारको साथमा भएको हो। त्यो मेरो ठेगाना चाहिँ उदयपुर जिल्लाको त्यतिखेर गाविसलाइ भलायोडाँडा भनिन्थ्यो । र वडा नम्बर तीनमा म मेरो ममी बाबाको एउटै छोरी हो empower र मैले चाहिँ empower गाउँको एउटा सानो प्राथमिक विद्यालयमा तीन कक्षासम्म अध्ययन गरे । अनि बचपन अवस्थामा मलाई empower स्कुल जान मन लाग्दैनथ्यो। अब कारण के हो त्यो चाहिँ थाहा भएन ।  अनि बाबाले पिटेर पठाउनु हुन्थ्यो । अनि त्यसपछि म रुदै कराउँदै जान्थे। अनि म स्कुलमा गएर राम्रो नै अध्ययन गर्थे ।तर मलाई घर देखि चाहिँ अब बाबा ममीको एउटा छोरी प्यारो भएर होला । स्कुल मलाई जान पटक्कै मन लाग्दैनथ्यो। रुदै गएको मलाई याद आउँछ । अनि फेरी  त्यसपछि स्कुल जान्थें नियमित । मलाई पिटेर भए पनि पढाउनु भएको कारणले बबाको मलाई धेरै डर लाग्थ्यो । अनि त्यसपछि स्कुलमा गएर अब ब्रेक टाईममा चाहिँ सर कता उता गफ  गर्न थाल्नु भएथ्यो । हामीलाई होमवर्क दिएर कक्षा कार्य दिएर अनि त्यतिखेर चाहिँ मैले सानो छ बर्षको उमेरको कुरा हो त्यो चाहिँ अनि त्यो स्कुलमा खेल्न थाल्यो अनि खेले empower को सरले देखेर सरले आएर भ्याम्म पिट्दा खेरी चाहिँ मेरो आँखामा चोट लाग्यो । अनि आँखा पूरै सुन्नियो । कुन्ताको राईको आँखा चिम्रो त्यहिँ माथि झापड पर्दा आँखा ठ्याप टाँसियो । सुन्निएर फुलेर अनि त्यसपछि घरमा अब ममी बाबाले भन्दापनि बाबाले पर्दैन अब स्कुल जान  मैले पनि पिटेर पढाउने । स्कुलमा पनि सरले त्यसरी पिट्ने । त्यो भएको कारणले मेरो एउटा छोरी पनि केही भयो भने म एकदम नि:सन्तान हुन्छु । मेरो अर्को बालबच्चा पनि छैन । एउटा भएको पनि यस्तो एकदम ढुटोपिठो भइसक्यो । यो एकदमै अरूको, सबैको मेरो हात देखि लिएर, अरुको हातको चुरा भएर मेरो छोरीले पढ्नु पर्दैन भनेर घरमा राख्नुभयो । अनि सात वर्षसम्म म घरमा खेलेर बुस्कोट भए एउटा छोटो सर्ट हुन्थ्यो । त्यो सर्टमात्र लगाएर खेल्थे, कट्टु लगाउनथिये । मलाई नि याद छ । अनि बुस्कोट भन्ने सर्ट पनि धोएर सुकाको त्यति खेरको जमानामा एउटा कपडा हुन्थ्यो । एउटा फाट्न लागे पछि अर्को बल्लबल्ल आउँथ्यो । अनि त्यो पनि एउटा पल्लो घरक empower  बजुको गोरुले  खाईदियो । त्यो सर्ट पनि त्यसपछि म नाङ्गै भएर बसें । त्यो मेरो बचपन अवस्थाको कुरा थियो हैन ? अनि त्यस पछि सात वर्षपछि अब त्यहाँ गाउँको विद्यालयमा विद्यार्थी सङ्ख्या अलि कम भएको कारणले।  फेरी समितिहरु चाहिँ अभिभावक भेला रहेछ त्यति खेर मलाई के था अभिभावक भेला रहेछ । अब एउटा छोरीलाई पनि पढाउनु पर्छ नबढाएर पाखे बनायो भनेर सबैजनाले बाबालाई गाली गरे छन् । अनि चौध वर्षमा दुई क्लासमा गए नाम लेखाको पढ्न् नआएर कस्तो लास्टै हुँदै हुँदै गएको पढ्न त्यो चाहिँ मलाई सारै हाँसो उठ्छ । चौध वर्षको अवस्थामा दुई क्लासमा भने पछि कत्रो थिएँ म ? होला नि अहिले त म सानो छु भन्छु सम्झन्छु म आफै । दुई क्लासमा पढ्थें अनि त्यसपछि १५ वर्षमा तीन क्लासमा पढें । अनि सोर बर्षमा चार सत्रमा पाँचमा पुगें त्यसपछी अब एजेट मान्छेलाई सानो क्लासमा पढिरहन लाज भयो कि अप्ठ्यारो महसुस भयो मलाई होइन ? त्यसपछि empower म अब ठूलो क्लासमा जाने रहर गरे । अनि एकचोटी अब हाम्रो घरबाट डेढ घण्टा हिँडेर जानु पर्थ्यो । निमावि पढ्नलाई त्यतिखेर । अनि डेढ घण्टा हिँडेर जान्थिम । भोकले कस्तो बिजोग हुदैं आउथ्यो घर । अनि फेरी यसो खानासाना नास्ता खायो अनि घरको काम गर्यो । गरेर धाएर डेढघण्टा दुईवर्ष चाहिँ नेपालटार भन्ने खादिडाडा भन्ने विद्यालय थियो निमावि त्यहाँ गए पढ्एँ म पाँच क्लाससम्म । त्यसपछि नढाँटी भन्नुपर्दा खेरी एजेट भको कारणले गर्दा मैले छ र सात क्लासलाई छोडेर एकै चोटी पाँच क्लासबाट आठ क्लासमा गएँ । अर्को विद्यालय गएँ  क्लास टपेर अनि त्यहाँ दुई दुई ओटा क्लास

LOWM

टपिसकेपछि अब त्यहाँ जुन पढ्नुपर्ने फरमुलाहरु थियो  त्यति खेर ब+द को होल्स्क्वयर यस्तो कुराहरु पाँच, छ, सात क्लासमा पढ्नुपर्थ्यो ।ठ्याक्कै छमा पढ्नु पर्थ्यो। अलजेब्रा चाहिँ पाँचसम्म चाहिँ थिएन ।ठ्याक्कै छोडेर नपढी आठमा गएँ त्यतिखेर मलाई म्याथमा निकै गाह्रो भयो। अँग्रेजीमा निकै गाह्रो भयो त्यही पनि मेहेनत गर्दै गर्दै गए पढ्दै गए। त्यसपछि उदयपुरगढीमा चाहिँ हाम्रो उदयपुरको गढीवाट एस एल सीँ हुन्थेन। दश क्लाससम्म ँ पढाई हुने तर एक्जाम चाहिँ हाम्रो यता उदयपुर गाईघाट जानुपर्थो। त्यतिखेर गाईघाट भनेको अहिले चाहिँ दुवाई जानु जस्तै लाग्थ्यो । हाम्रो लागि चाहिँ विदेश जानु पर्ने जस्तै लाग्थ्यो । तर मेरो एक छेउमा भाग्य रहेछ मेरो २०४० सालमा एस एल सी हुन्थ्यो ठ्याक्कै २०४० सालमा  उदयपुरगढीमा सेन्टर  सञ्चालन भयो एसएलसीको मैले बाहिर जानु परेन । त्यो सबैभन्दा अविष्मरणीय क्षण मेरो लागि खुशीको क्षण छ मेरो । किनभने म निम्न स्तरको परिवारमा जन्मेको मान्छे बाहिर जानु पर्दा मलाई आर्थिक स्थिति कमजोर भएको कारणले समस्या र टेन्सन थियो । मलाई त्यो परेन । मलाई सबैभन्दा खुशी त्यो लाग्छ । भाग्य सम्झन्छु म त्यो अनि त्यसरी एस एल सी दिईसकेपछि ।

यसरी नै बताउने होइन मिस ? ठिकै छ नि ? हजुर एकदम ठिक छ । विचविचमा यसोब्रेक गरेर यसो हेन्डलिङ गरिदिनु हुन्छ होलानि त ।
त्यसपछि के भन्छ रे उदयपुगढीबाट एस एल सी दिइसकेपछि अब टपेर गएको मान्छे मलाई इंलिसमा व्याक लाग्यो त्यसपछि चाहिँ निरास भएँ । एक चोटी चाहिँ अब मैले क्लास टपेको बेफइदा मलाई अहिले आईलाग्यो भन्ने लाग्यो त्यतिखेर । अनि फेरी अब पढाइको सिलसिलामा त्यतिखेर जिल्लाले छनौट गरेर टिचिङ गर्नको लागि चाहिँ दश महिने ट्रेनिङको व्यवस्था गरिन्थ्यो धनकुटामा बि लेबल भन्निछ । त्यसलाई त्यति खेर दश महिने ट्रनिङमा एसएलसीनगरे पनि दश महि empower ने ट्रनिङमा म धनकुटा गएँ अनि त्यो ट्रेनिङमाचाहिँ एकदम मेहेनेत गरेर त्यहाँबाट सफल भएर आएँ । अनि त्यहि साल त्यो भनेको चाहिँ २०४० सालमा एस एल सी दिएर गएको २०४१ सालमा चाहिँ रिजल्ट निस्क्यो । त्यति खेर धेरै समय पछि आउँथ्यो रिजल्ट पनि अब माघ तिर एक्जाम हुन्थ्यो असारमा मात्रै आउँथ्यो रिजल्ट चाहिँ एसएलसीको त्यति खेर वेइट गर्दा गर्दा बल्लबल्ल रिजल्ट आउथ्यो । अनि त्यतिखेर रिजल्ट आउनु भन्दा पहिला म घनकुटा बि लेबल ट्रेनिङमा गएँ । दश महिने ट्रेनिङमा त्यहाँ पनि एकदम मेहेनत गरेर ट्रेनिङ गरियो त्यहाँ पनि राम्रो मार्क्स ल्याएँ । मैले त्यहाँबाट पनि अब सक्सेस भये एसएलसी पनि त्यहि साल सक्सेस भयो । तर मेरो घरपरिवारमा चाहिँ एकदमै के भयो भने दु:खको कुरा चाहिँ त्यो बिरामीले चाहिँ धेरै सतायो ममीलाई बाबालाई दुईलाई क्यानसर भइदियो । अनि मैले पढाइलाई अगि  बढाउन सकिन। एसएलसी गरेपछि रिजल्ट आउँने भन्दा अलिकतिअगाडी देखिनै ममी बिरामी हुनुथाल्नु भयो । हुदै हुदै सिरियस हुनु भयो । अनि लैजादा खेरी क्यानसरको रिपोर्ट आयो । अनि ममीलाई उपचार गर्दा गर्दै बाबालाई पनि पित्तको क्यानसरको समस्या आयो । अनि त्यस पछि पहिलाको जमना अब सबै कुरा खानुहुन्थ्यो अब धुम्रपान, मध्यपान सबै गर्नु भयो । त्यहि भएर अब त्यसको एकदम नाजुक अवश्थामा पुगे । त्यसपछि हरेक गरेर उपचार गर्दा गर्दै बाहिर लगेर उपचार गरिम्  सकेसम्म प्रयास गरियो । सक्सेस भएन् । बाबा चाहिँ छिटै जानु भयो । तर छिटै भनेको चाहिँ मैले एसएलसी गरेर बि लेबल ट्रेनिङबाट पासभएर आएँ । र अनि म टिचिङ गर्न थाले पछि । अनि बाबाले मेरो यता अब  उमेर पुगेको छोरी एउटा छ अब म हामी दुवैजना मरेपछि छोरी एक्लै हुन्छे बिहे नगरी बच्चाको विह ेनगरी मेरो प्राण नजाओस् भनिरहनु हुन्थ्यो अनि बाबाले मेरो विहे गर्ने नै निर्णय गर्नु भएछ अनि मैले भने तपाहरुले मलाई अर्काको घर दिनुहुन्छ तर भोली गएर कसले साहरा दिन्छ म अर्काको घर गएपछि अब कस्तो ज्वाई पाउँछ होइन अब तेरो ममी बाबलाई जेसुकै गर म केही गरदिन् भन्ने खालको श्रीमान पाएँ भने त दु:ख पाउँनुहुन्छ । अब ठिकै छ उ छोरी हो उसको

कर्तव्य हो बाबा आमालाई हेर्ने भनेर भन्नुभयो भने त राम्रै भयो तपाईले दुःख पाउँनु हुन्छ बाबा ममीलाई भन्दा खेरी जेसुकै होस् मेरो एउटा छोरी छ दुईओटा बनाउँछु भोली मेरो छोरीलाई साहरा हुन्छ भनी बुबाले जिद्धी गर्नु भयो बाबाले विहे गरिदिने नै निर्णयमा पुग्नु भयो त्यति देरमा ४४ सालमै आयोगबाट नाम निकाले र काम गर्दै थिएँ । अनि मैले बाबालाई त्यसो भन्दाभन्दै पनि विवाह गरदिइ सक्नुभएपछि विस्तारै विस्तारै टिचिङग पेसा भनेको सरकारले पनि श्रीमान श्रीमतीलाई एक्कै ठाउँमा सुविधा भएको ठाउँमा राखिदिन्छ । त्यो एउटै पेशा भएको मान्छेको चाहिँ व्यवहार मिल्छ सहज हुन्छ भनेर चाहिँ जिद्धी गर्नु भयो अनि टिचरलाई नै दिने भनेर भन्नु भयो । एकदम पेसा मिल्यो भने सजिलो हुन्छ भनेर टिचरलाई नै विवाह गरिदिने भनेर भन्नु भयो मैले कति बहाना बनाए माग्न आउँनु भयो हेर्न आउँनु भयो मेरो श्रीमान आउँदा खेरी मैले भने श्रीमान त्यो केटो चाहिँ कान्छो छ म भन्दा राम्रो छ त्यसले पछि मलाई धोका दिन्छ म भन्दा धेरै पढेको रछ भनेर कति धेरै बहाना बनाएँ । होईन मिस मैले के पनि भनेको थाहा छ मत विहे गर्दिन गरे भने मलाई चाहिँ क्षेत्री बाहुन जस्तै गरेर जग्गै धुमेर लानुपर्छ मेरो आँगान पोलेर मेरो बाबा ममी घरमा आएर त्यो केटाले जग्गै घुमेर क्षेत्री बाहुनको जस्तै गरि विहे गर्नु empower पर्छ नत्र म पहिलेको जमनामा जस्तो empower चिन्डो बोकेर म विहे गर्दिन भनेको त त्यसो भन्दा पनि गर्ने नै भयो विहे।

त्यसो भन्नुको कारण चाहिँ के थियो मिस ?

त्यो चाहिँ म केटासँग विहे नगर्ने अनि त्यसले क्षेत्री बाहुनले जस्तो गरी गर्ने भन्छ भनेर । योसँग गर्दिन भन्छ होला भनेर म विहे गर्दिन भनेको केटाको घर हेर्नुपर्छ पनि भने मैले धेरै बाहानाहरु बनाएको होइन अनि त्यहाँ देखि जे भने पनि गर्ने भयो उस्ले पनि गर्ने भएपछि जग्गै राखेर गरेको विहे पनि गरिसके पछि अब त्यस्तै हो बुबा ममी पनि खुःशी हुनु भयो। पेसागत केटो पाइयो आफ्नै जातसँग गयो अब एउटा छोरी बाहिर बसेर पढेको अब इज्जत फालेने हो की त भन्न५.५ प्रदेश सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा वञ्चितिकरणमा परेका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति थियो नि त । अनि आफ्नै जातसँग विहे गर्यो भनेर धेरै खुःशी हुनु भयो । विहे गरिसके पछि मेरी ठूली छोरी २०४८ सालको छ हैन मेरी छोरी अब विहे गरिसके पछि अब बालबच्चा हुनु स्वभाविकै ह ो । र हुनै पनि पर्दो रहेछ बच्चा सुरुमा भयो बच्चा जन्मनु भन्दा पहिला मेरो असोज एक गते नै बाबाको निधन भयो । दुःख लाग्दो कुरा चाहिँ त्यहाँ छ नाती हेर्न पाउँनु भएन तर पनि भित्र भित्र चाहिँ उहाँले खुशी नै मनाइ रहनु भएको थियो । देखनपाउँनु भएन एउटा गुनासो कुरो त्यहाँ छ । अनि टिचिङग गर्ने बेलामा धनकुटामा दश महिने ट्रेनिङमा गएर पढ् भनेर पठाउने जवर्जस्ती गर्नुहुने पनि बुबा नै हुनुहुन्थ्यो। दश महिने जुन अधि कुरा गरे नि बी लेबलको कुरा गरेनी त्यहाँमै अलि कति कुरा कटाएको छु । मै किन भनेयता घर परिवार कुरा गर्दा गर्दै अनि के अनि । त्यहाँगए पछि सुनिदै छ नि मिस हजुर मज्जाले ।

अनि धनकुटा ट्रेनिङमा गए पछि दश महिने ट्रेनिङमा बस्दा खेरी सुरुसुरुमा चाहिँ टाढा गएकोले कहिले घर नछोडेको पाखे अनि दश महिना बस्नुपर्छ भनेर धनकुटा गएको घाम पनि यता पश्चिम दक्षिणपट्टि झुल्केको जस्तो लाग्छ । कोही चिनेको पनि अब एउटा गाउँमा बसेको केटी अनि त्यहाँ थुप्रै मान्छे कति बैसठ्ठी जना प्रशिक्षकहरुसमेत त झन्डै सत्तरी जनाको ग्रुप छ । अब मान्छे मान्छे छ एउटा पाखा गाउँमा बसेको मान्छेले त्यो मान्छे देखेको त्यसै छक्क परेको मत तीन छक्क परेर बोल्न पनि मन नलाग्ने रुन थाले घाम झुल्किन्छ कताबाट उता पश्चिम दक्षिणबाट झुल्किन्छ जस्तो लाग्छ घाम पनि मान्छेहरु कोही चिनेको छैन निराश भएर बसैं एक दुई महिना जति चाहिँ रोएर बसैं अनि त्यहाँ तिन महिना जति भएपछि साथीहरु अलि अलि चिनजान हुदै गयो चिनजान पछि म चाहिँ अलि गाउँमा दुःख

गरेको मान्छे दुख गर्थे के खेल्न ओल्न पनि भलिबलहरु खेल्थे म कबडी अनि अलि अलि गर्दै टिम बन्न थाल्यो त्यहाँ पनि अनि भलिवलमा बाह्रजना भएपछि त भित्रमा चिन्न थालियो नि त साथी अनि कबड्डी खेल्न थाल्यो दुई जनाले खेलेपछि अर्को दुईजना ल्याए पछि चारजना चिनीयो त्यसपछि खेल्न भलिबल आउँछ भन्ने कुरा भयो । अनि मलाई पनि आउँछ भने तर म राम्रो भलिबल खेल्थे त्यति खेर चाहिँ भलिबल खेल्दाखेल्दै सबै खेलहरुबाट अनि हरेक क्रियाकलापबाट बिस्तारै बिस्तारै सबै साथीहरु चिनजानसंग भयो । त्यसमा सबैभन्दा बढीचाहिँ एउटा पाँचथर जिल्लाको रेणुका उप्रेती भन्नेसँग चाहिँ एकदम हामी धेरै नजिक भयौं । हामी उ र म भएपछि चौबिसै घण्टा हामी खेल्दा पनि बस्दा पनि सुत्दा पनि खाँदा पनि पढ्दा पनि एकदमैहातै नछुटने गरी त्यस्तो नजिक भयौ मिस त्यति बेलाको कथा त अब अहिले मैले भन्यो भने अहिले नि रोहिहालिन्छ । सबै रुन्छौ जो कोही याहाँ आउने यहाँ बस्ने साथीहरुलाई त्यो कथा मैले यसरीबसे यस्तो यस्तो भयो यसरी साथीसँग भनेर सुनाउँदा जोकोहिलाई सुनाउँदा पनि साथीहरु रुनुभएको छ त्यो भएर म पनि रोहिहाल्छु । के यती धेरै नजिक भयौ कि उसँग छुट्नै नसक्ने यस्तो भयो के भएर त्यस्तो भयो थाहा छैन । एक्कासी साथीसँग चिनजान भयो अनि म हामीलाई पातलेफम धनकुटाको पाखिबास पातलेफम भन्ने हेर्नलाई लैजानु भएको थियो । त्यहाँको सरहरुले त्यहाँ चाहिँ उहाँहरुले पातलेफम त्यो फमको विषयमा परिचय गराउँदै हुनुहुन्थ्यो । अनि एक्कासी घामले हिँडेर गएको धनकुटा देखि त्यतिखेर गाडी थिएन भेटिन्थेन भनेको बेलामा धनकुटा देखि हिले हिलेमा पुगेर खाना खाएर अनि फेरि पाखिरवास गएको हिड्दा हिड्दाघामले गर्दा फेन्ट भएछ क्यारे मलाई । उभिएर सुनि राखेको थिम् । परिचय दिराख्नु भएको थियो यो संस्था स्थापना यसरी यी संस्थालाई यसरी अगाडि बढौं भनेर चाहिँ उहाँहरुले बताइ राख्नुभएको थियो । त्यो संस्थाको कर्मचारीहरु चाहिँ के उहाँले पनि त्यत्रो ५८, ६२ जान मान्छेहरुलाई कुर्सी दिएर के सम्भव चौउरीमा उभ्याएर उहाँहरुले आफ्नो परिचय दिलाउन थाल्नुभयो । संस्थाको बारेमा फमकोबारेमा हेर्दा-हेर्दै म त त्यसै सिधैं बसेछु के अनि बसेपछि ए सबैजनाले ए के भो के भो भनेर कुमारी कुमारी भनेर चाहिँ यसरी हात पकड्न थाल्नुभएछ साथीहरुले समातेर सरहरु पनि आतिएर ए के भो के भो भनेर यो मान्छेलाई यो त एकदम एक्टिभथियो केही बिरामी जस्तो थिएन यत्रो छ सातमहिना भयो सबैजना काहालिएर सबैजनाले हेर्न थाल्नुभए छ हेर्न थाल्नुभएको मलाई त अनि एकजनाले यस्तो पकडी राखे बेलामा मलाई कुर्सी ल्याएर राख्न खोज्दै रहेछ क्या बस्नलाई अनि म त पहिलेदेखि अनुशासित विद्यार्थीमा परिन्थ्यो अनि बोलेको सुनुहुन्छ कि सुनुहुन्न कुन्नी सुनिराकोछु देख्न चाहिँ केहिँ देखिएन होइन मिस पिक्चरआएन अनि त्यहाँ देखि बोलेको चाहिँ सुनिरहनु भएको छ नि ।

सुनिराखेको छु मिस तपाईले फाम भन्नु भएको के हो फम?

फम भनेको चाहिँ पातले फम भन्ने ठाउँमा चाहिँ धुपिहरुँ जताबाट हेर्दा पनियताबाट हेर्दा पनि लाईन उताबाट हेर्दा पनि लाईन त्यस्तो तरिकाले बिरुवाहरु रोक्नुभएको थियो । उहाँहरुले पाखीवासमा चाहिँ फम भन्छ तेस्लाई त्यहाँ एकतिर चाहिँ बिरुवा चारैतिरबाट हेर्दा एक्कै लाईन देखिने अर्को कुरा त्यही उहाँहरुले ठूलो ठुलो........खसीहरु पाल्नु भएको भेडा, खरायोहरु जनावरहरू हल्का त्यो जु जस्तै पाल्नुभएकोत्यस्तो फम थियो । अनि त्यहाँ देखि हामीले त्यो हेरेर फर्किने बेलामा चाहिँ म बिरामी भएको कारणले चाहिँ त्यो रेनुका उप्रती जुन पाँचथरको साथी भने नि उहाँले हातैमा समातेर ल्याउनु भयो धनकुटासम्म त्यस पछि हामी झन नजिक भयौ बिरामी भएको बेलामा धेरै सहयोग गर्नु भयो । त्यसपछि एकदमै नजिक भयौं खान, बस्न, सुत्न, पढन, खेल्न जे गर्दा पनि सँगै भयौं त्यस पछि अब कहि जादा पनि नछुट्ने जस्तो त्यस्तो महसुस भयो । हामी त अब झन् झन् दश महिना सकिन लागि

सक्यो चिन्ता पर्न थाल्यो । हामी दुवैजनालाई अनि भन्थिम् के कुमारी अब हाम्रो समय सकिन लाग्यो । हामीलाई एक हप्ताको लागि काठमाडौं लगिदै छ अब भिजिटमा अब त्यहाँबाट लाहानबाट त उल्ले मलाई धेरै माया गरेर त भनेर मलाई बोलाउँनु हुन्थ्यो । अनि के गर्नु त तालिम सकिए पछि त फेरी धनकुटै जान्छु भन्न त मिलेन फर्केर धनकुटा नै गएर बस्छु भन्न त मिलेन जस्तो परे पनि जानु पर्छ नी आफ्नो घरमाफेरी मैले भन्थे के गर्छौ रेनु म त जानै पर्छ तिमी त मसँग गएँपनि हुन्छ । बरु म तर तिमीसँग जान सक्दिन् मेरो त ममी बुबाको एकलो छेरी हो । म तिमीसँग गएपछि ममी बुबा मेरो प्रतिक्षामै मर्नुहुन्छ । जानु त परयो मैले त भने मैले भन्दा त तैइले त जानै मिल्दै जानै मिल्दैन तेरो ममी बाबाले कति गते आइपुग्छ भनेर प्रतिक्षा गरेर बसिराख्नु भएको छ यति खेर पापै लाग्छ त जा म चाहिँ कस्तो तलाई छोड्नै मन छैन, छोड्नै मन छैन कसरी छुट्ने होला ? म भनेर उल्ले भनि राख्थ्यो । अनि तिमी चाहिँ मसँग हिड्न न त तिम्रो दिदि छ घर जानु हुन्छ तिमी चाहिँ मसँग हिड्न भन्थ्यो के म चाहिँ अनि उल्ले भन्थ्यो त चाहिँ हिड्न मसँग के भनेर दुवैजना आ आफ्नो घर जाउँ विचमा चाहिँ धरानमा भेटौ न त भनेर सेन्टर धरान राख्यौ हामीले त्यो चाहिँ मेरो जीवनको सबै भन्दा साथीसँगको अविष्मरणीयक्षण चाहिँ हो । त्यो मेरो त्य ो २०४२ सालको कुरा हो । त्यहाँ देखिन लाहान आउँनु भन्दा अगाडीअब हामी विचविचमा कुरा गर्थे म अब लाहान आउन पनि धेरै छैन हेर हामीले यस्तो एउटा विद्या कमाउने सिल्सिलामा आयौभेट् भयौ कति धेरै माया लाग्छ हेर दुवैजनाले घरै बिर्सी सक्यौ हेर तर पनि बिर्सेर पनि भएकोछैन् के गरौ घर नजाउँ जस्तो लागेको छ । तर एक छैउमा सम्झिदा बाबा ममीको माया पनि लागेको छ । तर त्यो भन्दा धेरै त तिम्रो माया लागेछ रेनु के भएको। के गरेर के खुवायो भनेर मैले भनेको के उ रुन थालिहाल्यो के तैले चाहिँ मलाई के खुवाइस नि तेसो नभन मलाई चाहिँ त्यस्तो लागेको छैन । तैले जति माया गर्छस नि त्यो भन्दा बढी माया म गर्छु त नरो है भन्नु भयो के मलाईं अनि लाहानमा आएर छुट्नुपर्ने बाटै देखि कस्तो अनि बाटो देखि नै हाम्रो वाक्य हरायो काठमाडौबाट चाहिँ हामीसँगैएउटै सिटमा बसेर आएको सँगै बसेको सुतेको बाटबाटै गीत गाउँदै आएको अनि बाटोमा धेरै बोल्दै गफ गर्दै आएको त्यो रात चाहिँ सुत्यनौ राति छुट्ने दिन छ नि त त्यो भएर मायाले होला नि त कसरी छुट्ने होलानी नि तअनि गफ गर्दा गर्दै मिर्चैया तिर आए पछि त ला हान टाढा छैन नि त त्यहाँबाट त छिटै आउछ त लाहान त्यो भएकोले हेर रेनु अब लाहान पनिधेरै छैन मैले त लाहानको कुरा गर्छस् लाहान कुरा नगर त भनेर मलाई कराउने के उत झन् अनि रोएको देखे भने मार्छु भन्ने मलाई चाहिँ धनकुटाबाट हिड्दा खेरी नरुने होइन नी रोएको देखे भने म मार्छु भन्ने हुन्छ तिमी नरुनु म पनि रुदिन रोएर पनि हुदैन आ आफ्नो बाटो जानै पर्छ । यो चाहिँ मलाई सबै भन्दा जीवनमा एक्दम दुखेको पनि माया पनि बढी भएको घटना हो त्यो चाहिँ मेरो यो थोरै भनेछु । अनि त्यपछि आयौ बाटोमा आएर लाहानमा आए पछि त्यतिखेर त अहिले पो घरघरमा गाडी कुद्छ । त्यतिबेला त लाहान देखि चार घण्टा हिडनु पर्थ्यौ घर आइपुग्न । अनि मेरो सामानहरु सबै गाडीबाट झारेर रिक्सामा लोड गरेर उसैले अनि कति खेर ब्यागहरुमा चाहिँ उसले गीफ्टहरु पनि हालिसकेको रहिछ मैले चाहिँ उसलाइ दिएको थिएँ काठमाडौंमा । सा साना तौलियाहरु किनेर । हामी पढ्नगएका मूलासँग पैसा नै हुदैनथ्यो । तर सानु भए पनि सम्झनाका चिनो भने मैले काठमाडुमा टावल किनेर दिए सा सानो लाउने। उसले पनि भेष्टहरु चप्पल किनेर व्यागमा लाईदिएछ । मैले चाहिँ देखिदेखि दिए उसले चाहिँ दिन सकेन मलाई उ धेरै सम्झाउने तर उ आफै नसक्ने सहन नसक्ने एक्दम कमलो

मनको सायद मेरो साथी काहाँ होला कन्टेक छैन। अहिले अनि त्यसरी लाहानबाट छुट्यौ । साथीसँग छुटेर घरमा आएपछि उसको धेरै याद आउँने ममी बाबा म कोही देख्दिन हजुरआमा पनि हुनुहुन्छ खानाखान आइज नै भन्नु हुन्छ आमा पनि छिटो खानाखान आइजनभन्नुहुन्छ ल के ल भन्छु चिट्टि लेख्छु लेखिदै गर्दा आखाँ नै देखिदैन कुन्ताको राईको लेख्छुभन्छु चिम्म भैहाल्छ गर्दागर्दा बल्ल बल्ल धेरै चिठी लेखदा लेख्दै बिस्तारै बिस्तारै फोनको जमना आयो पनि पैसा थिएन म सँग पनि । अनि हामी मोबाइल किन्न् सकेनौ फोन नम्बर पनि भएन अहिले त चिठी पनि छैन उस्ले विहे गरेर काहाँ पुग्यो थाहा छैन । हामी एक्दमै धेरैमिलेर बस्ने साथीलाई छोडेर आए त्यसपछि म यहाँ आफ्नो ठाउँमा आएपछि जिल्ला शिक्षक कार्यलय धाउन थाले तपाईहरुले हामीलाई बि लेवल ट्रेनिङमा पठाउँनु भयो जाने बेलामा चाहिँ जिल्लाबाट पाँच बर्ष कबुलिएतमा काम गर्नुपर्छ भनेरकबुलिएतमा गरेर पठाउनु भएको छ । हामीलाई पनि काम छिटै दिनुपर्यो त्यस पछि न पाँचबर्ष टिचिङ गर्छौ भनेर जिल्ला शिक्षा धाउन थाले धाउदा धाउदै वइट गर्नु वइट गर्नु तपाईहरुलाई हामी मिलादिन्छौ भन्दै हुनुहुन्थयो । यसरी हामीलाई बचनमात्र नदनु झुक्याउने काम गर्नु तपाईहरुले हामीलाईपहिले त पाँच बर्ष कामगर्नु पर्छ नि ट्रेनिङमा गएर आएपछि भन्नुभएको थियो के जिल्ला शिक्षा कार्यलयबाट चाहिँहुन्छ हामी काम गर्छौ के काम आउने बित्तिकै मलाईदिनु पर्छ भन्नेकुरा गरेको थिम् हामीलेँ । त्यसपछि आउने बित्तिकै काम मिलाई दिनु न भनेको त बहाना बनाएर उ कहा कहा जिरे टाटेभिर कार्यलयबाट दुई तीन दिनमापुग्ने ठाउँतिर देखाउँनु हुन्छ के शिक्षा कार्यलयले ।तपाईहरुले यस्तो बहाना नगर्नुसन सर के हामी एउटा लेडीजलाई ँटाढा पुर्याउनु हुन्छ खोटाङ जिल्लाको छेउछेउ पुरुषहरु छैन कि महिलाहरुलाई हेपेर झोला बोकेर यिनीहरु जादैन भने के टाढा देखायो भने बनावटी कुरा नगर्नु हामीलाई त वरिपरि काम मलाई दिनुपर्छ नत्रभने हामी हिडिदियौ आफनोबाटो लिएरभनेर जिल्ला शिक्षक कार्यलय धाइरहन्थ्यौ । अनि हुँदा हुदै मेरो आमा बिरामी हुनुभयो हस्पिटल लाहान लगेर राख्यौ हाम्रो उपचार गर्ने ठाउँ लाहानै हुन्थ्यो । त्यतिखेर लाहानमा उपचार गर्न लादा मेरो आमा बिरामी हुनु पनि मेरो भाग्य रहेछु भन्छु म । आमालाई हस्पिटल राख्दा राख्दै सिराहा जिल्लामा आयोग खुल्यो । अनि म त आयोग परिक्षा दिन गएँ । सिराहा जिल्लाबाटै परिक्षा दिएँ बिरामीको हेरचाह गर्दै आयोग दिए । त्यही टाइप सिके अनि बैकमा टाइपिसको विज्ञापन खुलेको थियो त्यता पनि भ्याकेन्सीमा पनि भिडि हिडे म त्यहाँ दुखमा जादा जादै पनि कहि पनि प्राक्टीस गर्न पछि परिन । तर के गर्नु त्यति खेर बिरामीको कारणले गर्दा मेरो आर्थिक अवस्था कमजोर थियो । अब पैसा हुदैन्थ्यौ जुन सुकै ठाउँमा पनि पैसाको नै काम हुदोरहेछ । मलाई आउँन जान पनि गाडीभाडा हुदैन्थ्यो अनि अब कहि जान पर्यो भने फोटो चाहिँने परमिटहरुको फोटो कपि प्रमाणपत्रहरुको फोटो कपि चाहिँने अब पैसै चाहिँने त्यसलाई पनि अब दश रुपैँया भए पनि मेरो ममीलाई एउटा गोटी खुवाउन पाए हुन्थ्यो भन्नि अवस्था थियो मेरो त्यतिखेर त्यसरी पनि दुख गरेर पनि दुखसँग म कहिले पनि डराइन मैले जति दुख भए पनि परिश्रम चाहिँ गरिरहे मेहनत गरिरहे हिम्मत गरिरहे त्यसको फलस्वरुप मैले पछि आयोगमा नाम निकाले सिराह जिल्लाबाट नाम निकाले पछि टिचिङमा त नाम निकाले पछि ढुक्क भयो अनि नाम निकाले पछि त बाबा ममी खुशी भएर कति धेरै रमाएर अब मेरो छोरा छोरी होइन छोरा हो छोराले पैसा लिएर आउँछ बुबा पनि खुशी भएर गाउँ गाउँ भनेर हिड्नु हुने अनि पैसा चाहिँ छोरा कति ल्याउँने भन्दा सुरुको नियुति स्केल चाहिँ ६७५ त्यति खेरको ६७५ अहिले साठ्ठी हजारको जति काम गर्थ्यो छोराले जागिर ल्यराउँछ“..।

त्यतिबेलाको लागि धेरै नै होइनर मिस ?

धेरै नै हुने थियो ६७५ जागिर, ६७५ पैसा पनि यत्रो बिटो बोकेको जस्तो हुन्थ्यो आफूले पाँचसय निकाल्न नसकेको बेला अनि त्यति बेला यस्तो गोजीवाला लुगा हुदैनथ्यो साडी लगाउँथे पैसा काहाँ बोक्ने अब झोला बोक्नु पर्ने त्यस्तो जमनाको मान्छे उहिले कै हो म त अनि ६७५ जागिर हुँदा हुँदै पछि जागिर बढ्ने भयो कति भयो भन्दा खेरी ९०२ रुपैंया भयो रामराम ९०२ रुपैंया नौ दुना अठार नौ तिहा सत्ताइस तीन महिना खादा त एक झोला पैसा हुन्छ भने जस्तोहुने के मिस जागिर खाए पछि त धेरै धनी भए जस्तो महसुस भएको अहिले त त्यसको डबल आउँछ पेन्सन केही हुँदैनखोइ । अनि त्यसपछि जागिरको सिलसिलामा सिराहा जिल्लामा गएँ त्यहाँबाट अब बिकट ठाउँमा पठाइदियो । बोल्न सक्ने क्षमता थिएन आफ्नो सोर्सफोर्स कोहि थिएन त्यो भएको कारणले उदयपुर जिल्ला र सिराहा जिल्लाको बोडर्रमा पठाइदियो मलाई जब कि कहिबाट कोहि मान्छे नपुग्ने फोन त कुरै छोडिदिउँ चिठ्ठि लाने हुलाकी पनि नहुने जङ्गलको बाटो आउँदा भालु लाग्ने त्यस्तो बिकट ठाउँमा मलाई पठाइदियो । अनि मैले भने तपाईहरुले एउटा लेडिजलाई यस्तो बिकट ठाउँमा पठाइदिनु भो म त्यहाँ काम गर्न सक्दिन बल्ल बल्ल नाम निकालेको थिएँ तर अब मैले यो जागिर छोड्नु पर्ने अवस्था पुरादिनु भयो । म काम गर्न सक्दिन त्यहाँ बरु म नियुति नै नदिनु पर्थ्यो भनेर जिल्ला शिक्षा कार्यलयमा पनि गएँ अनि त्यहाँ एउटा चिनैकै सहायक जि सि चाहिँ मैले पहिले देखिनै उदयपुर जिल्लामा हुँदै चिनेको सहायक जि सि हुनुहुन्थ्यो । त्यहाँ उहाहरुलाई भने ठिकै छ नियुति दिएपछि जानैपर्छ तिमीले बोर्डमा गएर काम गर्न सक्दिनौ तिमीलाई मलाई बोर्डको भाषा आउँदैन बोल्न सक्दिनौ झन् गाह्रो हुन्छ बरुकाम गर्दै गर छ महिना पछि तीन महिना या छ महिना पछि सरुवा गरिदिउँला भनेर बचन दिनु भयो ।

कसले चाहिँ बचन दिनुभएको ?

जिल्ला शिक्षक कार्यालयमा चाहिँ सहायक जिसि र जिसहरुले चाहिँ अनि सरुवा गर्दिउला भन्नुभयो । तर त्यति सजिलोसँग किन हुन्थ्यो र हामीजस्तो सिधासाधा कर्मचारीलाई चारवर्ष बसे त्यहाँ चार वर्ष बसेर त्यहाँ २२ दिनको नानी जन्माएर डोकोमा बोक्ने मान्छे खोजेर २२दिनको सुत्केरी म हिडेर म त्यो ठाउँमा पुगेँ त्यसपछि मेरो सरुवा भयो ।.गरेमैले एउटा यादवसँग अनि त्यसपछि माइत गए माइती गाउँमासरुवा आएपछि माइती गाउँमा पनि ४८सालमा आएको २०५१सालसम्म तीनवर्ष बसे माइती गाउँमा माईती गाउँ बाट पनि सरुवागरेर त्यसपछि के गर्नु भनेर घर पाएक भए देखि राम्रो हुन्थ्यो होला भने। श्रीमानकै स्कुलमा पनि त्यहाँ त्यतिखेर प्रावि थियो अहिले चै मावि छ। सरुवा गरेर त्यहाँ आएपछि अर्को बाबु जन्मियो मैले तीन सन्तानको जन्म दिएकोछु । हामीले अब जागिरखाँदै धेरै ठाउँ धेरै जिल्ला कुदियो सरुवा भएर ४, ५ वटा स्कुलमा काम गरियो जागिरकै सिलसिलामा पनि राम्रैसँग म समय बित्यो कहिले त्यस्तो अप्ठ्यारो कठिन यस्तो अब विद्यार्थीहरुसँग विद्यार्थीहरूलाई कडासजाय दिएर यस्तो केहि नराम्रो कहिले केही पनि भएन राम्रोसँगले ३०, ३१ वर्ष सम्म टिचिङ पेशामा लागेर समय बिताएँ मैले अहिले अब ५५वर्षको भएँ मैले जागिर छोड्नु अझै पनि काम गर्न सक्नुहुन्छ भनेकुराहरुचाहिँ समितिबाटकुराहरुआइराखेको थियो गर्नु तपाईले काम गर्दागर्दै स्कुलछोड्नु भयो भने

हाम्रो स्कूल लथालिङ्ग भताभुङ्ग हुन्छ बच्चाहरूलाई राम्रोसँग सहयोग गरिरहनुभएको छ स्कूल नछोड्नु भनेर हाम्रो समितिलेहरुले भन्नि राखेनु भएकोथियो उहाँलाई अझै पनि म धन्यवाद दिन्छु गुणगान गाएर राम्रोसँग मानेर अझै अगाडि बढ्ने हौसला दिँदै अझै पनि उहाँहरू मलाई जागिर नछोड्न अनुरोध गर्नु भएकोमा उहाँलाई अहिले पनि धन्यवाद दिन्छु अहिले भेट्छु छु कहिलेकाहीँ अलि माथि नै छ मेरो ड्युटीत थियो आधीघण्टा तर पैदल हिड्यियौ हामीलाई बाबुलाई बोकेर जानु पर्ने डेढ घण्टाआउन डेढ घण्टा लाग्थ्यो तीन घन्टा जान आउन समय जान्थ्यो अनि घरमा पनि आएर अब दैनिक lesson plan हरु बनाएर जान्थिम् अनि त्यो भएरत्यसले गर्दा खेरी सबैजना खुशी हुन्थ्ये । विद्यार्थीहरु एक्टिभ गराएर पनि काम गरिन्थ्यो त्यो भएकोले अब हामीलाई जागीर न छोडुनस पर्ने कारण चाहिँ अलि अप्ठ्यारो बाटो अनि मेरो एउटा देवरको छोरासँग जान्थे बाइकमा तअनि बाटो अठारो भएकोले पढउँन नसक्दा होइन बाटो अप्ठयारो भएर जान नसक्ने कारणले चाहिँ जागिर छोडे । जागिर छोडे पनि अहिले राम्रो नै छ अहिले सबै परिवारसँग घुलमिल भएर बसेको छ । बालबच्चाहरु तीन जनामा दुईजना राम्रोसँग पढ्दैकाम गर्दै ……मा चाहिँ छोरालाई ब्याक लागि राखेको छ । अनि मैले छोडे पनि श्रीमानले चाहिँ पढउँदै हुनुहुन्छ । अब मैले चाहिँ बुढो पनि भइयो १, २ हात खुट्टा लाग्दैमा लाग्दै स्वतन्त्र घुम्ने फिरी घुम्ने खाने रमाईलो गर्ने भनेर भनेको थिएँ तर मेरो साथीहरु धेरै हुनु हुन्छ यहाँ वरीपरी महिला साथीहरु बिहानी महिला सामुदायिक संस्थाकोसाथीहरु लागी परेर स्थापना गर्नु भएको म चाहिँ टिचिङ पेशामा लागेकोले यो संस्यासँग त्यति धेरै नजिक भर आबद्ध हुन पाएको थिएन गर्को थिइन तर मेरो साथीहरुले पसिना बगाएर यो संस्थालाई यतिको बनाउँनु भएको छ । अहिले पक्की भवन आरसिसि ढलान गरेर भबनाको निर्माण गर्नुभएको छ अब उहाहरुले गरेको परिश्रमलाई अब जागिर छोड्नु भएयो तपाई यहाँ आएर बस्नु काम गर्नु होस्टेमा हैसे हामी गरिहाल्छौ । तपाईले यस्तो बिकट अनि अप्ठायरो कामहरु गर्न पर्दैन भनेर मेरो सबै साथीहरुले भनेर चभत्रगभकत गर्नुभयो । अब महिलाहरूको आफू महिला भएर पनि महिलाहरूको अधिकार क्षेत्रमा मैले काम गरेको थिएन अहिले अवसर पाएको छुसाथीहरु मलाई धेरै माया गरेर धेरे सम्मान गरेर यहाँ राख्नु भएको छ र म पनि एकदम साथीहरूको गुरुपमा एकदम खुसी भएर बसेको छु मेरो साथीहरूको मार्फत यहाँ नआएको भए अहिले यहाँहरुसँग तपाईहरुसँग कोहो साथीहरुसँग पनि भेटघाट हुने मौका मिल्दैनथ्यो त्यो मलाई एकदम धेरै खुही छ मलाई क्षेण भएको छ अहिले र लुमको कर्मचारीहरू पनि अहिले एकदम धेरै खुशी हुनुहुन्छ के म त्यस्तो गहिरो एता उति राजनीति कुराहरु चाहिँ जान्दिन म फेरी यसरी Direct सानोतिनो कुराहरु चाहिँ गफ गर्न खेल्न हास्न नाच्न गाउन खान सबै कुरा गर्न मलाई आउँछ तर मलाई राजनीति गर्न आउँदैन फेरी अगाडि यसरी फ्याङ फ्याङ मात्रै हो मेरो चाहिँ त्यो भएकोले अब मिस तपाईसँग पिन भेटहुने मौका पाइयो खुसी लागेको छ आउँदा दिनहरुमा एसरी धेरैजनासँग चिनजान भएकोले खुसी हुँदै यो संस्थाको भविष्य र यहाँहरुले यसरी फेरी मेरो जीवन कथा लिनु उहाँबाट यिफ बाट प्रोत्साहन दिनु भएको छ उहाँहरुलाई चाहिँ धेरै धेरै धन्यवाद हजुरले यहाँ लिँदै हुनुहुन्छ धेरै धेरै धन्यवाद अब अरु कुराहरु त लामो कुराहरु त भन्दै जाँदा त कदेखि ज्ञ सम्म भन्न त गाह्रो छोटोरुपमा भन्ने बिच बिचमा त्यस्तो केही छ भनी प्रश्नहरु राख्नुहोला भन्ने पनि आशा छ अब मलाई ।

तपाईंले पनि एसएलसी चाहिँ कुन सालमा दिनुभयो पास गर्नुभयो मिस ?

४२ सालमा यसपछि त्यो ट्रेनिङमा जानु भएको हो। एसएलसी दिएर ट्रेनिङमा गए, त्यो Back लाग्यो ४०सालमा एसएलसी दिएर धनकुटा ट्रेनिङमा गए होइन अनि त्यो ब्याक लाग्यो सफल भएन पनि ४१ सालमा फेरि दिए धनकुटाबाट बिचमा आएर । २०४२ सालमा यसरी पनि सफल भयो धनकुटाको दश महिने ट्रेनिङ पनि सफल भयोएकैचोटी ।

त्यो ट्रेनिंगलाई चाहिँ के पो भन्छ त्यसलाई के पो भन्छ ?

बि लेभल भन्थ्यो अनि टेस्ट मात्रै पास गरेपछि लान्थो त्यति बेला उदयपुर जिल्लाले ६ जाना लिएर गएको थियो ।६ जनामा हामीतीन जनाले clear गर्यौं तीन जनाले पछि Back दिनुभयो ।

ए हजुर हो त्यसपछि तपाईंको टिचङ गरिरहने बेलामा भएको यस्तो क्षणहरु के थियो जसलाई तपाईंको जीवनलाई हेर्ने एउटा दृष्टिकोण नै परिवर्तन अथवा तपाईंको जीवनमा एकदमै ठूलो परिवर्तन ल्याएको ?

यहा खासै त्यस्तो त केही भएन खासै अहिले मलाई याद भएन।
हजुर तर तपाईंले जुन कमाउन थाल्नुभयो नि त्यसपछि तपाईंको बाबा आमाले तपाईंलाई कसरी हेर्नुभयो उहाँहरूको प्रतिक्रिया कस्तो थियो तपाईंले कमाउन थालेपछि चाहिँ ?

आमाले त अब आमा भनेको चाहिँ ती कोमल हुन्छ जसलाई म आफु पनि आमा भइसकेँ हैन ?आमाले त एकदम धेरै पहिलेदेखि नै राम्रै सहयोग गरेर माया गरि नै राख्नुहुन्थ्यो बाबाले पनि माया त नगरेको होइन। तर बाबाले चाहिँ अलिकति सानो गल्ति गरे पनि धुलाई हान्नुहुने। पछि त अब पैसा कमाउन थालेपछि त घ्यू बढी भैहाल्यो नि ! माया गर्नुहुन्थ्यो।

हजुरअनि जुन तपाईंले अघिनै पनि भन्नुभयो नि तपाईहरु छोरी मान्छे भएर चाहिँ टाढा पठाउन खोजेको अथवा यिनीहरूले छोडी हाल्छ भनेर त्यस्तै त्यस्तै अरु महिला र पुरुषमा पनि यस्तो केही भेदभावहरु अनुभव गर्नुभयो शिक्षण बेला?

त्यस्तो हुन्थ्यो। यो अब के भन्छ रे ,महिलाहरु भएकै कारणले पनि अब हरेक कुरामा पाइलैपिच्छे त्यस्तो भैहाल्थ्यो नि! तर हामी चाहिँ के भने म चाहीँ अलि गाउँमा बसेको मान्छे भएको कारणले पुरुषले गर्ने काम पनि हामी गर्न सक्छौं। भन्ने जस्तो हिम्मत हुने । त्यो भएको कारणले त्यति धेरै हेप्ने चाहीँ पाएन । तर काही केही कुरा गर्दै ल्याउँदा खेरी महिलाले के गर्न सक्छ र ? भन्ने मान्छेहरु पाइन्थ्यो। तर महिलाको हक, अधिकार बारे अनि महिलाले यो गर्नुपर्छ । यो गर्नु सक्छ। भन्ने विषयमा बोल्ने चाहिँ अलि यतिखेर आफूलाई पनि हिम्मत नभएको, कला पनि नभएको, सुरु सुरुमा भर्खर भर्खर जागिर खाएको मान्छे ।अलिकति त्यहाँ बढी पुरुष नै कर्मचारी हुने थियो नि त । अब मैले जागिर खाँदाखाँदै ४४ सालदेखिको मैले खाएको । कति ४४ सालदेखिको ५०, ५५ सालसम्म साँच्चै भन्दाखेरी यो पुरुषहरूको समूहमा म एउटै महिला हुन्थे त्यहाँ । त्यो हेर्दाखेरि आफैंलाई पनि अचम्म लाग्थ्यो क्या । तर के कारणले महिलाको संख्या चाहिँ नबढेको भनेर चाहिँ पत्ता लगाउन नसकेको क्या । अवस्थाचै

त्यस्तो । त्यति धेरै पुरुषहरु अब हाम्रो निमावि भयो । निमावि सञ्चालन हुँदा पनि अब निमाविमा त तीनजना शिक्षकहरु थप्दा त्यो तीनजना पुरुषहरू मात्र थिए। त्यतिखेर पनि लिठीक्क म एक्लै महिला। महिला साथी नभएपछि कसरी गफ गर्ने पुरुषहरुसँग? पुरुषहरु गफ गर्ने, के भन्ने ,कोही कता कुराकानी गर्ने, आफू चाहे अर्कोपट्टि फर्क्यो । बाहिर निस्क्यो विद्यालयबाट पनि बाहिर निस्क्यौ। अनि बच्चालाई खुवायो बस्यो आफूचाहिँ। त्यस्तो हुन्थ्यो । अनि पछि पछि चाही के भयो पुरुष जत्तिकै महिलाको संख्या पनि हाम्रो मावि भैसकेपछि चाहिँ हामी माहिलाहरु भने पाँचजना भयो अनिटिम बनाउन थाल्यौं क्या हामी पनि । महिलाहरु पनि एए टिम टिम भएर गफ गर्न थाल्यौं । अनि अब सर हरु ले चाहिँ के भन्नुहुन्थ्यो भने महिलाहरु भएपछि महिलाहरुकै विषयमा कच्याङ किचिङ के गफ गर्छन् कुन्नि? महिलाहरुको एउटा कोठामा बसेपछि ङ्या ङ्यि ङ्या ङ्यिगर्छन भनेर भनिराख्नु हुन्थ्यो क्या । सरहरुले। तपाईहरुले जस्तो किन आवाज निकाल्नु पर्यो त । हामी म हामीलाई आवश्यक पर्ने विषयको बारेमा कुरा गर्छ नि । किन तपाईंहरुलाई हाम्रो कुरा सबै सुनाउनु पर्छ भन्ने के छ ? भनेर हामी पनि त्यसो गर्न थाल्यो क्या अनि महिलाहरु यस्तो हुन्छन् छिटै रिसाउँछन् । यहारेत्यारे कुरा गर्नुहुन्थ्यो । रिस उठ्छ नि त । तपाईहरुले चाहिँ जे भन्दा पनि हुने हामीले चाहिँ केही गत गर्न नहुने? भनेर हामी चाहिँ पछि त्यसो गर्न थाले। ५, ६ जना भएपछि एउटाले बोल्न नसकेपनि अर्कोले थप्ने नि त कुरा। यसरी पछि चाहिँ टिम जम्दै गयो । मज्जाले हुन्छ । त्यो के भन्छ रे पुरुष र महिलामा भेदभाव भैहाल्छ नि । जतिपनि हुने। अब चाहिँ अलि कम कमै पाइन्छ

हजुरअनि त्यसपछि विद्यार्थीहरुबाट चाहिँ सुसुरुमा एकल महिला शिक्षक हुनुभएकोमा विद्यार्थीले नपत्याउने अथवा तपाईंको भन्दा पुरुष शिक्षकको कुरा धेरै सुन्ने । अथवा वहाँहरुको क्लासमा चाहिँ अलि बढी अर्डरहरु लिने या सजिलो हुने। सिकाउन पढाउन त्यस्तो हुन्थ्यो कि हुँदैनथ्यो ? तपाईंले केही अनुभव गर्नुभयो ?

त्यस्तो हुन्थेन बरु त्यो पुरुषहरुको भन्दा म एउटा महिला नाताले म संग फो बरु विद्यार्थीहरु नजिक हुन्थे । किनभने उनीहरुले भन्दा म बढी माया गरेर पढाउँथे । म कक्षामा गीत गाएर सुनाउँथे। अनि कक्षा गीतहरू मजाले सिकाउँथे । फेरि म ठ्याक्कै के भन्छ रेडियो नेपालले। जुन आवाज मा गाउँन सिकाइन्थ्यो नि। त्यो चक्काहरु त्यति हेर क्यासेट भनिन्थ्यो। त्यो क्यासेट चाहिँ भजाएर सिकेर जस्ताको तेस्तै आवाजाम सिकाउँथे। कक्षामा। त्यो भएको कारणले खेलहरु खेलाउथैं। फेरि म उनीहरुसँगै बच्चाहरु सँगै म आफु पनि स्वयम् खेल्थैँ। त्यो भएको कारणले बरु सरहरु भन्दा विद्यार्थीहरु म प्रति धेरै आकर्षित हुन्थे । र मलाई हेरेर मेरो विद्यार्थीहरूले मैले पढाउनु भन्दा अगाडीको विद्यार्थीहरूले पनि म जस्तै शिक्षक हुने प्रतिबद्धता गरेका थिए। ती विद्यार्थीहरु र कोहि कोहि टिचरै पनि भए । कोही संघसंस्थामा काम गरेका छन् अहिले। उनीहरुले जति आफ्नो मनमा आफ्नो भावना देखि नै उहाँ बच्चाहरु विद्यार्थीहरूले चाहिँ म एस्तो हुन्छु। जस्तै कुमारी म्याम जस्तै म पनि मयाडम् बन्छु पछि भन्नेहरु दुईचारजना भए पनि तर अहँ त्यस्तो मलाई उ थिएन एक्लो भएर पनि। पुरुषहरूको भनाइमा बढी आकर्षित विद्यार्थी हुन्छन् कि ? भन्ने चाहिँ लाग्थेन बरु म प्रति नै विद्यार्थीहरु आकर्षित भएको महसुस गर्छु म चाहिँ ।

हजुर अनि त्यो तपाईंले रेडियो क्यासेटहरु सुनाएर गर्ने । रमाइलो तरिकाले पढाउने योचाहिँ तपाईंले आफैंले नै बनाउनुभएको हो ? या ट्रेनिङ दिनुभएको थियो ? त्यसरी पढाउनु भनेर ?

होइन ट्रेनिङ त्यहो त हो बि लेवल ट्रेनिङ लिएको थिएँ नि धनकुटामा ट्रेनिङ त्यही हो । तर के भने पुरुषहरु भन्दा महिलाहरूको आवाज मिठो हुने । अनि संगीतिक क्षेत्र मलाई धेरै मनपर्ने । त्यो भएको कारणले चाहिँ गायन क्षेत्रहरु चाहिँ सुनेपछि म प्र्याक्टिस गर्न थालिहाल्थैं क्या । मलाई चाहिँ त्यति चासो लाग्ने त्यो भएकोले अनि अन्य म मादल बजाएर कक्षामा कक्षागत गीत सिकाएर आफुले त्यहाँ प्राक्टिस गरिरहँदा फेरिअन्य कक्षाका विद्यार्थीहरुले पनि एकदम मौन भएर सुन्ने क्या । पल्लो कोठा माथिल्लो कोठाको विद्यार्थीहरु पनि त्यो सरहरुले पढाइ रहनु हुन्थ्यो । तर उनीहरूको पढाइमा ध्यान जाँदैन थियो । यो बच्चाहरु मैले चाहिँ बिस्तारै मादल सानो आवाजमा बजाउँथें होइन ? अनि त्यो कक्षा १ को गीत चाहिँ अलि अप्ठ्यारो छ के फेरि कक्षा २, ३, ४ को चाहिँ सजिलो छ । कक्षा १ को चाहिँ अलि अप्ठ्यारो छ । त्यसमा मादल मिल्न मिल्न खोज्थे अनि म बिस्तारै बजाएर चाहिँ बच्चाहरुलाई त्यो शुद्ध शब्द चाहिँ उच्चारण गर्न लगाई मादल सानो आवाज गरेर बजाउँदै सिकाउँथे । अनि त्यतिबेला चाहिँ अरु कक्षालाई पनि डिस्टर्व हुन्थ्यो ।

अनि त्यसछि तपाइले ३० वर्षसम्म नै टिचिङ गर्नुभो, होइन टिचिङ नै निरन्तर गरिरहनुपर्ने तपाइको के इच्छा थियो के थियो कारणचाहिँ ?

अब सुरुमा चाहिँ अब पेशा एउटा कर्मचारी बन्ने एउटा इच्छा ठूलो मेरो। आफ्नै आमाबाबाको हैन ? छोरी पढाएर कर्मचारी बनाउने उहाँहरूको ठुलो ईच्छा त्यो । भएकोले अब सुरुमा चाहिँ आमा बाबुको इच्छा पुरागर्ने हिसाबले म पढेर कर्मचारी बने । दोस्रोमा चाहिँ मेरो विवाह भइसकेको कारणले पेसागत हिसाबले दुवैजना जाने-आउने क्रममा अब त्यो सहज वातावरण पनि भयो । सर सल्लाहा पनि मिल्ने भएको कारणले गर्दा खेरि पनि गरियो । अनि तेस्रो कारणचाहिँ अब तिनै वटा बच्चाहरु बाहिर निस्केर पढ्न थाल्दा अब जहिले पनि पैसाको आवश्यकता हुने । अनि अन्य आम्दानी केही थिएन । दुवैजनाको जागिरकै कारणले पनि अब अलिकति मैले पैसाकै कारणले जागिर नछोड्नुपर्ने बाध्यता थियो ।

त्यो भएकोले अब विविध कारणहरुले गर्दाखेरि चाहिँ ३० वर्षसम्म गरे ।

मिस तपाईंको यो टिचिङले जुन पहिचान छ आफ्नो, हो यसमा चाहिँ कसरी एउटा पहिचान चाहिँ बनाइदियो जस्तो लाग्छ टिचिङले यो तपाईं ३० वर्षको ?

अब पहिलो कुरा त आफ्नो पेशाले आफैसक्रिय भईयो । हैन दोस्रो कुरा चाहिँ अब आफूले गरेको क्रियाकलापबाट गुणस्तर नै जस्तो भनौ न गुणस्तरीय विद्यार्थीहरु नै उत्पादन गर्न सकियो । अब ठुलो अबिकक पढाउन नसके पनि सानो क्लासबाट हामीले विद्यार्थीहरु राम्रै प्रगति गरेर नै निकाल्यौ । त्यहाँ अब जति सिकाई उपलब्धिहरु हासिल गराउनुपर्ने हो त्यति नभए पनि ७०भन्दा बढी सिकाई उपलब्धी हासिल गराउनु सक्नु नै हाम्रो एउटा मुख्य कारण हो ।जस्तो लाग्छ मलाईचाहिँ अब अल्छि गरिएन मेहेनत गरियो ।

हजुर तपाईले चाहिँ कुन-कुन कक्षा पढाउनुभयो?

सुरुमा त त्यो हाम्रो प्रावि लेबल हो त्यहाँ पाँच कक्षा सम्म पढ्नु पर्थ्यो । अनि पछि गएर निमावि सञ्चालन गर्ने भएपछि  आठ कक्षासम्म पढाइयो। शिक्षकको अभावमा अनि त्यसमा चाहिँ अब आठ कक्षासम्म नेपाली पढाइयो।अब  मुख्य विषयहरूपढाउने शिक्षकहरु हुँदाहुँदै अब हामीले मुख्य विषय चाहिँ पढाँउन सक्ने स्थिति पनि भएन। अब सोभ्कै भन्नुपर्दा अब हामी एसएलसी गरेको। शिक्षकले अब आठ कक्षासम्म मुख्य  विषयहरु पढाउन सक्छु। भनेर बोलेर पनि हुन हुँदैन हैन? संभव नहुनसक्छ। यो भएकोले अब साधारण विषयहरु चाहिँ यसो सहयोग गरियो । त्यसपछि फेरि शिक्षक फूलफिल भैसकेपछि चाहिँ हामीले त्यहीँ पाँच कक्षासम्म चाहिं सबै विषय जुन विषय आइलाग्छ त्यही विषय रुटिङ बने अनुसार गर्नुपर्ने हुन्छ । अब रुटिङ बनिसकेपछि  अह म यो विषय पढाउ सक्दिन भन्न पाईदैन। आफु पूर्व तयारी भएर पनि जानुपर्यो । कक्षामा अब बच्चालाई मलाई यो आउँदैन । तिमीहरु अरुसँगै सिक भनेर भन्न पनि मिल्दैन । त्यही भएर आफू तयारी भयो पूर्वतयारी भैसकेपछि त्यस्तो गाह्रो हुँदैन ।

हजुर अनि तपाईले मलाई अस्ति बन्नुभएको थियो म बच्चाहरुसँग धेरै काम गरेको हुनाले म आफै पनि बच्चै जस्तो छु भनेर भन्नुभयो हैन? त्यस्तै अरुहरु पनि छ नि तपाईंले तपाईं शिक्षण गर्दा खेरि सिक्नुभएको हो वा आफै त्यस्तो हुनुभएको?

बच्चा जस्तो चाहिँ कुन अवस्थामा भन्छु भने म अब जस्तै बच्चाहरुसँगसँगै गीत गायो भने बच्चा संगसंगै गीत गाउँदै नाच्दै गर्यो बच्चाहरुको खेल्छन् । भने बच्चाहरु सँगै खेल्यो अब म परापराको ठूलाठूला कुरा सोचेन कि म अहिले के गर्ने अनि अब बच्चालाई गीत गाउदा खेरी ल तिमीहरुसँगै म पनि गाउँछु । म सँगै तिमीहरु पनि गाउने है भनेर ल है त शुरु गरे हैत: भनेर संगै ताली पड्काएका यो अनि एउटा गोलो  गीत गाउदै "गोलो घेरा बनाउँएता आउ सबैजना हात समाउन" भनेर भन्दाखेरी उनीहरूसँग आफू पनि हात समाउन पुग्यो। अनि त्यो बच्चाजस्तै भएन त ? जसो जसो भन्यो त्यसो त्यसो गर्यो क्या बच्चा सँग-सँगै ।

अनि अरु केहि कुरा छ ?तपाईले सिक्नु भएको यो तीस वर्षको अनुभवबाट ?

अब सबैभन्दा हामीले सिकेको चाहिँ समयलाई सदुपयोग गर्नुपर्छ। समयसँगै आफू चल्न सक्नुपर्छ। समयले हामीलाई पर्खिदैन सबैभन्दा मुख्य कुरा मैले सिकेको। समय र समय सँगसँगै अब परिस्थिति पनि हैन ? जस्तो परिस्थिति पर्छ त्यस्तै गर्न सक्नुपर्छ भन्ने पनि त्यो पहिलो पाठ हो । पहिलो भाग मेरो समय नै हो। दोस्रो चाहिँ परिस्थितिलाई मैले सोचे र त्यसरी नै अगाडि बढ्यो पनिर अहिले सम्म गरेको कुनै पनि क्रियाकलाप हरुसँग आफूलाई गुनासो छैन । र अहिले आफूले समयलाई ख्याल गर्दै समयको पछिपछि आफू कुद्दा खेरी त्यसको प्रतिफल मिठो पनि आएको छ । र मैले अहिले जागिर छोड्ने बित्तिकै किन मलाई साथीहरुले यति धेरै माया गर्नुभयो त ? किन यति धेरै सपोर्ट गर्नुभयो त ? भन्ने कुरामा पनि म खुशी छु । मेरो साथीहरुले यति म माथि विश्वास गर्थेन भने यदि म अनुशासित थिएन भने यदि म कसैको सङ्गत मन पराउँदिन भने उहाँहरुले पनि मलाई यो टीममा ल्याएर यतिखेर चटक्क ल्याएर चाहिँ एउटा राम्रो टपरी  गाँसे जस्तो गाँसेर एउटा लामो फूलमाला गाँसे जस्तो गाँसेर यो लहरमा राख्नु हुने थिएन होला । किनभने यो संस्थासँग म त टाडै थिएँ । म सरकारी कर्मचारी भएको हैसियतले

म कुनै संघसंस्थासँगआबद्ध थिएन। र संघसंस्थाको भन्दा सरकारी निकायलाई नै बढी प्राथमिकता दिन्थे। त्यसरी नै काम गर्थे । भने यो एउटा मेरो अनुशासितलाई मेरो एउटा क्रियाकलापलाई हेरेर जसरी साथीहरुले मलाई एउटा फूलको मालामा गाँसेर एउटा एउटै एकवद्धता बनाउनुभएको छ । त्यसमा म पूर्ण विश्वास छु । म पनि प्रयास गर्छु जति साथीहरुले विश्वास गर्नुभएको छ त्यति नै म पनि प्रयास गर्छु।मेरो प्रयास जारी नै रहनेछ भन्ने लाग्छ र अहिलेसम्म खुसी नै छु ।

हजुर अनि मिस तपाईंको ठ्याक्कै यो शिक्षण सुरु हुने बेलामा चाहिँ आन्दोलन पनि पञ्चायतको अन्दोलन पनि चलिरहेको थियो नि ?

थिएना त्यतिखेर त ।

४६ मा होइन र ?

होइन ४४मा हो ।

४४ मा तर त्यतिबेला तपाई पढाउन सुरु गर्नुभएको थिएन है ?

२०४४ सालमा सुरु गरेको त्यस्तो खासै केही थिएन ।

अनि कुन कुन आन्दोलन हेर्नु भयो त हजुर अनि त्यसो भए उनको ४६को अन्दोलन चाहिँ तपाईले हेर्नु भयो त ?आन्दोलनमा त खासै परिएन ओ आफू त । तर त्यतातिर माओवादी धेरै हुने एरिया होइन र ?

हजुर माओवादीको एरिया नै हो अब तर त्यतिखेर त त्यो माओवादीहरुले अलिअलि स्कुलमा कच्याकुचुक गरेर कहिले काहीँ आएर यसो थर्काउँथ्यो तर तर हामी त कर्मशील मान्छेलाई त्यस्तो डर लाग्दैनथ्यो । अनि कोही बेला बन्द गर् भन्थ्यो प्रहले साँचो लगाइदिएपछि दिएपछि प्रहले पनि बन्द गर्छ भने गर्दिउ न भनेर बस्थ्यौंअनि फेरि चलाउ भनेर साँचो खोली दिन्थ्यो अनि आएर खुरुखुरु पढाउँथ्यो हामीलाई त्यस्तो असर परेन ।

ए हजुर शिक्षणमा त्यसपछि पनि केही फरक चाहिँ परेन। पंचायत सिद्धिएपछि पनि तपाईंहरूको मा फरक चाहिँ परेन ?

हामीलाई चाहिँ त्यस्तो गारो चाहिँ भएन किनभने अब हामी अलिकति अनुशासित मान्छेहरुलाई उनीहरुले पनि प्वाईन्ट केही पाएन नि त अब एउटा नैतिक भन्ने विषयलाई छैन नपढाउ भनेर चाहिं अलिअलि उनीहरुले दाबी गर्थ्यो तर हामी त्यो गर्दैनथ्यौं अब हामीसँग भएको सरकारको नीतिअनुसार लागू गरेको पुस्तकहरूलाई न पढाएर के पढाउनु अनि हामी त हामी त पढाउँथ्यौं नपढाउ भन्दै गर्थ्यो हामी त पढाउँथ्यौं गर्थ्यौं ।

हजुर अनि त्यस्तोमा कारबाही चाही ँकेही गर्दैनथ्यो ?

गरेन के कारबाही गर्छ? लानु पर्यो कित सबै शिक्षकहरूलाई लानु पर्यो कहाँ लगेर पाल्थ्यो र उनीहरु नै मागी हिँड्ने केको ?

हजुर अनि एउटा जनजातीय महिला शिक्षक भएको  रूपमा चाहिँ तपाईंले भेदभावहरु केहि अनुभव गर्नुभयो ?

परेन त्यस्तो केही परेन मिस त्यस्तो त हामीलाई एकदम त्यहीँ हामी जनजाति र अब तागाधारी दुइटै एउटा स्कूल परिवार सबै हाम्रो एकदमै राम्रो मेलमिलाप थियो त्यतिखेर काम गर्दाखेरि म पनि अब नयाँनयाँ आएको त्यस्तो खासै केहि  परेन हुन्छ अनि अब तपाईंको बिहानी संगको बारेमा चाहिँ कुराकानी  गरौ ।

अनि अब चाहिँ तपाईंको यो विहानी संघकोबारेमा चाहिँ अलि कुरा गरौं हैन यसमा चाहिं यसपटक चाहीँ तपाई के गर्दै हुनुहुन्छ ? र कार्यक्रमहरु कस्तो सञ्चालन गर्नुहुन्छ ? यसको बारेमा बताइदिनुहोस् न ?

अब हाम्रो यहाँ खासँगरी भन्ने हो भने गरिरहेको समय र अहिलेको समय अलि फरक छ । त्यो भएकोले न त हाम्रो यस्तो अनलाईनबाट पनि कुराकानी गर्न मिल्दैन।गाउँघरमा सबैको साथमा मोबाइल पनि हुँदैन । अब हरेक कुराहरुले गर्दा खेरि धेरै कार्यक्रम गर्नचाहिँ गाह्रो छ । हामीले सानोतिनो सानातिना रुपमा गाउँघरमा अब बाहिरको चाहिँ होइन यहीं वरीपरीको हाम्रो आफ्नो गाउँको मात्रै महिलाहरुसँग चाहिँ हल्काफुल्का थोरै-थोरै संख्यामा कुराकानी गरिरहन्छौँ । अब यस्तो कोभिड-१९ को विषयमा पनि गएर हामीले हिजो अस्ति पनि यो सुत्केरी र गर्भवती महिलाहरुसँग ओरेकसँग मिलेर ओरेकको सहयोगमा अनि बिहानीको आयोजनामा हामीले स्थानीय सरकारको साथमा र अन्य स्वास्थ्य कार्यालयसँग सम्पर्क गरेर हामीले अब यो माक्सहरु वितरण गर्ने ।अनि सेनिटाइजर को विषयमायस्तो यस्तो हुन्छ भनेर अनि बिहान-बेलुका साबुन पानीले हात धुनुपर्छ भनेर स्वास्थ्य सम्बन्धी अब विशेष गरेर गर्भवती र सुत्केरी महिलाहरुसँग सानोतिनो रुप भनौं कुनैकुनै बेलामा त पाँचजना भन्यो भने १५जना पनि हुन्छ।अब त्यस्तो अवस्था हेरेर परिस्थिति त्यहाँको भूगोललाई हेरेर कार्यक्रमहरु चाहिँ हल्काफुल्का गर्दैछौं । अब त्यहि हो ठूलो मासमा चाहिँ गर्न पाएको छैन । सानो सानो अनफउन्ड मार्फत चाहिँ कुराहरु भइराखेको छ अहिलेसम्म  ।

हजुर अनि तपाईले बिहानीमा चाहिँ तपाइँले यो आर्थिक सशक्तिकरणमा पनि तपाईंले एकदमै बढवा दिनुभएको छ भन्नुभयो हैन? जस्तै उद्यमशिलता भन्नुभयो नि तपाईंले यो चाहिँ किन महिलाहरूको लागि झन महत्वपूर्ण छ र यो विषय चाहिँ  तपाईंले उठाउनुको कारण के होला ?

हामीले खासँगरी भन्दा खेरीँ महिलाहरूको हातमा पैसा नहुँदा चाहिँ पुरुषकै हातबाट हरेक कुराहरु व्यवहार टार्न अथवा महिलाले एउटा कपाल धुने स्याम्पु ल्याउनुपर्दा पनि पुरुषलाई नै माग्नुपर्ने अवस्था भएको हुनाले अब महिलाहरुले पनि आफूले केही गरेर आफ्नै हातबाट पैसा चलाउन सक्ने बनाउन सक्दा खेरी महिलाहरु पनि एकदमै हिम्मत दार हुन्छन् महिलाहरुको आफूले पनि आफूले आफैंलाई

गौरव ठान्छन् । आफु अलिकति अग्रसर हुन्छन् भन्ने उद्देश्य लिएर हामीले चाहिँ महिलाहरुलाई नै अगाडि उद्यमशिलतामा अगाडि बढाउँ भन्ने हिसाबले हामी बिहानीको सदस्यहरुले चाहिँ सरसल्लाह गरेर एउटा उद्यम चलाउ भनेर चाहिँ हर प्रयास गरेका छौं । हामीले एकदम धेरै सल्लाह चाहीँ हाम्रो त्यसमा छ।अब सफल हुनु नहुनु चाहिँ हामीले आफ्नो क्षमताको कुरा हुन्छ होला हैन भोलि गएर चाहिँ तर अहिलेचाहिँ यहाँको महिलाले जहिलेपनि बाख्रालाई घाँस काटन् गाईलाई घाँस काटन् अनि धान रोप् झार उखाल जहिले पनि किन त्यति कोही बेला फ्याक्ट्रीमा बसेर काम गर्न पाउनु पनि त महिलाहरूको लागि गौरवको कुरा हुन सक्छ । भनेर चाहिँ हामीले प्रयास चाहिँ गरेका छौं मिस हैन अब सफल कहाँसम्म हुनसक्छ । अब हेर्दै जाउँ गर्दाखेरी नहुने कुरा त  केही छैन महिलाहरुले पनि गर्न नसक्ने कुरा त केही छैन तर अब महिलाले  ७५% काम गरे पनि महिलाहरूको हिसाब छैन । अब पैसा खेलाउन थालेपछि चाहिँ बा महिलाहरुलाई पनि पुरुषहरूको जस्तै स्थान हुन सक्छ  भन्ने हिसाबले चाहिँ हिम्मत गर्दैछौं हैन ? अब कतिसम्म सफल हुन्छ हेरम कति अब सफल हुन्छ हुँदैन अहिले ठुलो ठुलो कुरा गरेर पनि काम छैन। पहिले त काम हुनु पर्यो हैन? काम नभएकाले चाहिँ कुरा गर्न अलि अफठ्यारो भएको छ ।

अनि यही कस्तो-कस्तो कार्यक्रमहरु चाहिँ तपाईहरुले उठाउनुभएको छ ? यही विषयमा चाहिँ तपाईहरुले कस्तो कार्यक्रम बनाउँदै हुनुहुन्छ ?

अहिले त अहिले हाम्रो त्यहीँ सेनिटारी विषयमा एउटा उद्यमशीलतालाई फोकस गर्या छौं वडा सरकारसँग पनि बसेर अस्ति छलफल गर्यो । त्यस पछि........।

सेनिटरी चाहिँ घरमा आफैं बनाउने ?

होइन संस्थामा । संस्थामा चाहीँ एउटा ए सेनिटाइजर हैन सेनिटरी प्याड महिलाहरूको लागि चाहिँ ।
हजुर
मैले सेनिटाइजर भने हैन सरि त्यही प्रयोगमा आएकाले मुखमा पनि सेनिटाइजर सेनिटाइजर साबुन पानी माक्स मुखैमा त्यहीं छन् त अहिले त पनि आफैं बनाउने कि कसो ।

सेनिटरी प्याडपनि आफै बनाउने कि कसो ?

हजुर हामीले चाहिँ सेनिटरी प्याडको  त्यो काम ँ धुलिखेलमा हो कि कहाँ फ्याक्ट्रीमा छ । रे त्यहाँ हैन त्यो हेरेर आएर सिकेर अनि यहाँ पनि सेनिटरी प्याडको चाहिँ एउटा उद्योग खोल्नेअनि हाम्रो गाउँको महिलाहरुलाई पनि अब समूहको महिलाहरुलाई ल्याएर यहाँ उहाँहरुलाई सिकाएर काम गर्न लगाउने अनि काम गरेवापत उहाँहरुले पैसा पाउने र त्यो सेनिटरी प्याड चाहिँ हामीले अहिले त अब माविहरुमा चाहिँ अनि क्याम्पसहरु +2 चल्ने स्कूलहरुमा चाहिँ त्यहाँ त अब युवा महिलाहरु एकदमै हुन्छन्। एकदमै चल्छ । त्यही भएकाले उहाँहरुसँग सम्पर्क समन्वयन गरेरहामीले चाहिँ बनाएको चाहिँ प्याडचाहिँ अब सुरुमा चाहिँ आफ्नै एरियामा यो आफ्नै वार्डभित्र चाहिँ एकचोटी चाहिँ प्रयास गर्ने समन्वयन गर्ने विद्यालयहरुसँग त्यसपछि हाम्रो त्रगबष्तिथ त सेनेटरी प्याडपाउनु पनि अन्य विद्यालयहरु ंसग अन्य पसलहरुसँग हरेक ठाउँमा अब कहाँ कहाँ राम्रो चल्छ त्यहाँ-त्यहाँ सम्पर्क गरेर पछि बिक्री गर्ने

कुरा चाही पछि सोचौला । अहिले तत्काल चाहिँ हामी आफ्नै एरियामै त्यो बिक्री गर्ने चलाउने काम चाहिँ हामी समन्वयन गरौं सल्लाह हुँदैछ । मिस अब त्यो स्यानिटरी प्याड बनाउन चाहिँ अलि टाइम लाग्छ हामीसँग अब पैसा पनि छैन । त्यो बनाउने फ्याक्ट्री खोल्ने एउटा ठुलो भवन पनि छैन । जग्गा पनि छैन सबै कुरो छैन मन चाहिं छ प्रयास गर्दैछौं ।

हजुर त्यसपछि तपाईले चाहिँ यहीं बिहानीमाँ के भन्नुभएको थियो भने अस्ति मलाई महिलाहरूको हकको कुरा मात्र होइन कर्तव्य जिम्मेवारीको कुरा पनि गरिन्छ भनेर भन्नुभयो होइन ? तपाईंलाई चाहिँ एउटा महिलाको कर्तव्य र जिम्मेवारी चाहिँ के के हुन् जस्तो लाग्छ ?

अब जिम्मेवारी त अब घरदेखि लिएर हैन बाहिर सम्म जाने जुनसुकै ठाउँमा पनि चाहे त्यो चाहे त्यो किसानी होस् चाहे त्यो गृहस्थी होस् उसको आ-आफ्नो जिम्मेवारी भनेको घरको अब घरको सरसल्लाह घर परिवारसँग सल्लाह गर्नु आफ्नो आफ्नो बालबच्चालाई हेरचाह गर्नु अनि आफ्नो समूहमा गएर नबुझेका अथवा सबै समूहलाई आफ्नो एरिया सरसफाइ गर्नु स्वस्थ रहनु भन्ने कुराहरु चाहिँ सिकाउनु जान्नेले नजान्नेले सिक्न चाहिँ आफ्नो कर्तव्य हुन्छ भन्ने लाग्छ मलाईचाहिँ होइन जिम्मेवारी पनि आफ्नो हुनसक्छ त्यो । संस्थामा आउन पनिसंस्था यो संस्था हाम्रै हो हामी सबैले यसको संरक्षण गर्नुपर्छ संस्थाको संरक्षण गर्नु सबैको जिम्मेवारी हो भन्ने लाग्छ र संस्थामा आएर अब हरेक कुराहरु संस्थाको १३ जना ११ जना समितिले मात्र सबै कुरो बुझ्ने होइन उनीहरुले बुझ्न खोज्नु चाहे उनीहरूको कर्तव्य हो जस्तो लाग्छ अब आफूले जहाँसम्म बुझिन्छ त्यहाँसम्म गर्ने हो जो जससँग जति क्षमता छ त्यति बुझ्ने हो । हुनचाहिँ नबुझ्नेलाई बुझाउन कोशिस गर्नु हाम्रो कर्तव्य हुन्छ सबै महिलाहरुलाई सक्रिय बनाउने हाम्रो जिम्मेवारी हो जस्तो लाग्छ मलाई ।

हजुरअनि तपाईले घर पनि सम्हाल्नुपर्ने तीनजना छोराछोरीहरु तपाईंको अनि त्यसपछि अझै तपाईले स्कुलमा पनि बच्चाहरुलाई पढाउनुपर्ने । यो जुन तपाईंको भिन्न भिन्न कर्तव्यहरू छन् नि हो त्योचाहिँ तपाईंले उपायको समयलाई कसरी मिलाउनु भयो र कतिको गाह्रो कठिनाइहरु भोग्नु पर्यो ?

अब अहिले यतिको समूहमा बसेर अहिले कुरा गर्नु जस्तो सजिलो थिएन । हाम्रो जमाना भनेको अलि छुट्टै हाम्रो अब प्रमुखले राखिएको नियममा नै चल्नु पर्थ्यो हामीले त हैन भने त्यसमा पनि अब पुरुषहरुले कुरा नबुझेपछि महिलाहरुले एकचोटी दुईचोटि सहयोग माग्ला अब दिनैपिच्छे बिहानै बेलुकै एउटै कुरा भनिरहँदा दिक्क पनि लाग्छ । त्यो भएकोले तिनीहरूलाई ढोगेर नमस्कार गर्नुभन्दा सकेसम्म आफैं सकेको कुरा चाहिँ म आफैं गर्छु जस्तो महसुस हुन्थ्यो मलाई चाहिँ ।मेरो जस्तो सोच सबैको नहुनसक्छ होइन ? म चाहिँ एउटा के भने सानैमा मैले अघि नै भनेँ सानो किसान परिवारमा जन्मेको मान्छे हुँ । सानैदेखि दु:ख गरेको हुनाले दु:खसँग चाहिँ मलाई डर लाग्दैनथ्यो । अनि अब घरको काम गर्ने बिहान जुरुक्क उठेदेखिको चलेको चलै क्या जुरुक्क उठ्यो घरको बडार कुडार गर्यो अनि खाना बनायो बच्चा उठ्छ। बच्चालाईबुबु खुवायो अनि त्यसपछि कपडाहरु फेरिदियो । सु गरेको दिसा गरेको कपडाहरु धोएर सुकायो । अनि खाना खान दियो सरलाई । अनि बच्चालाई खुवाउँदै गर्यो अनि बच्चाले खाइसके पछि बच्चालाई कोक्रोमा राखेर आफू खाना थाल्यो अनि सरकोपनि आफ्नो पनि थाल लिएर गयो धुन अनि धोएर कपडा ड्रेस लगायो अनि ठक्क नानी पिठ्युमा बोक्यो हिँड्यो ऊ चाहिँ पछ्याउने

त्यस्तो जमाना थियो । अनि अहिले आएर अब मैले गरेको जति दुःख हो त्यो भन्दा फरक छ जमाना अहिले हैन तर मेरो पनि अहिले धेरै परिवर्तन भइसक्नुभएको छ । परिवार पनि पहिलाको जस्तो सबै यसले गर्छ यसको काम हो त्यो त घर बढार्ने काम श्रीमातीको हो लुगा धुने कामत श्रीमतीको पो हो त भन्ने त्यस्तो सोच छैन अहिले त धेरै परिवर्तन भएको छ मेरो परिवारमा पनि र अहिले यताउति ओल्लो घर पल्लो घर छर छिमेकीलाई हेर्दापनि अहिले पुरुषहरु पनि धेरै त नभनौं थोरै मात्रामा चाहिँ धेरै पुरुषहरु पनि सुध्रिएको पाउँछु कति गाउँघरमा मेरै भतिजोहरु पनि कति धेरै अहिले बुहारीहरुलाई सहयोग गरेको पाउँछु खुशी लाग्छ बुझ्केको हो उनीहरुले भन्ने लाग्छ परिवर्तन भएको हो भन्ने लाग्छ मलाई अब त्यो हिसाबले तुलना त गर्न मिल्दैन जति मैलेगरे। त्यति त मेरो भावीहरुले कसैले पनि गरेको छैन देखेको पनि छैन र गरेको पनि छैन र गर्दैन पनि भन्ने लाग्छ । त्यो उनीहरुले जानेकै हो तर कसै कसैले चाहिँ फेरी अत्याचार गरेको हुन्छ त्यो पनि महिलाहरुले आफ्नो कर्तब्यलाई हुनुहुँदैन हैन मैले गरेँ मैले जस्तै अरुले पनि दुःख गर्नुपर्छ भन्नेचाहिँ छैन तर उसले गर्ने श्रीमान पायो उसको श्रीमानले कपडा धोईदिन्छ खाना बनाइदिन्छ बच्चा हेरी दिन्छ भन्दैमा आफूचाहिँ उपरखुट्टी लाएर चौबिसै घण्टा ँबअभदययप हेर्ने चाहिँ हैन भन्छु । म त त्यस्तो महिलाहरु पनि मलाई मन पर्दैन। पुरुषहरुले कामगर्न सघाएको छ भन्दैमा फेरि उल्टो त गर्ने होइन नि हैन बराबरी हुनुपर्छ भन्ने लाग्छ के मलाई चाहिँ त्यो भएकोले यस्तो सोचहरु नमिलेकाले कति जनासँग म मिल्दैन पनि फेरि जो नचाहिँदो गर्छ नि त्यस्तो मान्छेहरु मलाई अली मन पर्दैन। त्यो भएकाले त्यस्तो मान्छेहरूसँग म अलि टाढै वस्छु।उसलाई सम्झाउन पट्टि पनि लाग्दिन किनभने उसले देखेको छ नि त मेरो छिमेकीले गरेको छ यसरी मेरो श्रीमानले यसरी गरेको छ भनेपछि देखेर पनि गर्दैन भने त्यस्तो महिला पनि मलाई मन पर्दैन दुवैले बराबरी गर्नुपर्छ भन्ने लाग्छ मलाई चाहिँ र परिवर्तन हुँदैछ बिस्तारैबिस्तारै सबैका नभनौसुरु चाहिँ छ धेरैको घरमा देखेको छु । त्यो खुसी लाग्छ ।

यो परिवर्तनमा चाहिँ महिलाहरुले नै धेरै आवाज उठाएर हो जस्तो लाग्छ तपाईलाई कि के हो ?कसरी भयो?

त्यस कारणले हो एउटा कुरो चाहिँ अर्को कुरो चाहे पुरुषहरुले पनि अरु परिवारको खुशी देखेर हैन कसैको श्रीमतीले अब सुख त्यति धेरै काम नगरी आफ्नो कार्यमा इमान्दारीपूर्वक समयमा पुगेको देखेर पनि हुन्छ कसैले । कसैकसैले चाहिँ मेरो सबै श्रीमानले सहयोग गर्नुहुन्छ त्यही भएर मलाई सजिलो छ भन्ने अर्थमा अब कहिलेकाहीँ कार्यक्रम हुन्छ कार्यक्रममा मैले यसरी घर बाट यसरी सहयोग पाएको हुनाले पनि मैलेजति चिताएको काम हो त्यति हुनसकेको छ भनेर अब वक्तव्य दिन्छन् त त्यस्तो अवस्थामा आफुलाई गौरव ठान्न नसकेको कारणले नि कति चाहिँ सुध्रेको हुनसक्छ विविध कारणहरु धेरै हुन सक्छ मासमा त बोलेको हुन्छ नि त अहिले त महिलाहरु पनि मजाले निर्धक्कसँग भाषण गर्न सक्छ नि त अनि त्यस्तो अवस्थामा मैले यसरी मेरो परिवारले यसरी यसरी सहयोग गर्नुहुन्छ तर कोही-कोहीको घरमा मैले यस्तो देखिन अनि जाड रक्सी खादा पिटिरहेको देखे अनि त्यो महिलालाई अब जबर्जस्ती उठाएर ल्याउन पनि मिलेन भोलि मेरो श्रीमाती तै पाल भनेर मलाई यस्तो पनि भन्यो तर त्यो होइन श्रीमान श्रीमती दुवैको कर्तव्य बराबरी हुन्छ भनेर यसरी अब भाषण भुषण गरेको सुनेर पनि अब भोलि गएर त्यहाँ मुख देखाउन लाज हुने अवस्था देखेर पनि कति त सुध्रिएको छ कतिले चाहिँ आहा कति राम्रो त्यो हेर फलानो कति राम्रो परिवार कति राम्रो सल्लाह अनि मैले चाहिँ के नजानेर यस्तो भयो भन्ने सोचेर पनि कोही चाहिँ सुध्रिएको छ तर कोही चाहिँ आ उसको त जागिर छ र पो राम्रो पारेर राख्छ बुढी मेरो त जागिर छैन खै हजुर दुख गर्नुपर्छ भनेर फुर्ति लाउने पनि पाइन्छ

त्यस्तोलाई अब के गर्ने त्यो मुर्खलाई मूर्ख बनेर हुँदैन सम्झाएर हुन्छभने नमुना देखाएर विस्तारै-विस्तारै तर गाउँ घुम्ने हो भने धेरै परिवर्तन छ । अहिले पहिलेको दाँजोमा हामीले जस्तो दुःख गर्नुपरेको छैन अहिले मान्छेहरूलाई एकादुई सयमा त अब पुरुष पनि हिंसामा परेको पाइन्छ। कुनैकुनै परिवारमा चाहिँ किनभने महिलाहरु कोहीकोही धेरै जबर्जस्ती हुन्छ नि त्यस्तो ठाउँमा चाहिँ पुरुषहरुले पनि हामी पनि हिंसामा पर्यौं यदि पुरुष हिंसामा नपरेको भए किन त धेरै पुरुषहरुले आत्महत्या गर्यो त भन्ने कुराहरु उठ्न थालेको छ । अब त्यसमा पनि सोच्नुपर्छ छलफल गर्नुपर्छ तर चितायो भने उसले सोचे भने बलले त महिलाले सक्दैन उसैले सक्छ पिट्न कुट्न जे गर्न पनि उसैले सक्छ सक्न चाहि अनि के कारणले चाहिँ आत्महत्या गर्नु पर्यो त भन्दाखेरी उसले चित्त नबुझेर महिला आफ्नो परिवारसँग चित्त नबुझेर उ आत्महत्या गरेको भनेर निकाल्छन क्या कुराचाहिँ पुलिसहरुले चाहिँ तर परिवर्तन छ धेरै सबै त हैन ।

अनि मिस हाम्रोमा यो राई मतवालीहरुको जनजातिहरूको परिवारमा चाही श्रीमतीहरु अलिकति घर सम्हाले अथवा अरुहरु को जस्तो हेपाइ खप्न पर्ने चाहिँ हुँदैन भनिन्छ छैन तपाईचाहिँ अव आफैं कमाउन पनि थाल्नुभयो अनि तपाई एकदमै परिश्रम गर्ने मान्छे हुनुहुन्छ अनि तपाईंको परिवारमा चाहिँ तपाईंको आवाज सुनिदिने श्रीमान् होस् या छोराछोरी होस् कतिको सुन्ने गरिन्थ्यो र गरिन्थ्यो पावर भनिन्छ नि श्रीमान र श्रीमती बिचको पावर त्योचाहिँ कसको धेरै चल्थ्यो तपाईंहरूको बीचमा यो अलि उभचकयलबा questions सोधे मैले ।

हैन हाम्रो त यस्तो म चाहिँ अलि कडा स्वभावको छु हैन म के भन्छु भने समयमा अब आफ्नो काम पनि गर्नुपर्छ र आफ्नो घरको काम पनि समय मिलाएर गर्नुपर्छ भन्ने पक्षमा हुन्छु अलि कडा स्वभाव छु। ठ्याक्कै त्यस्तो झैं झगडा त नै हुँदैन कहिल्यै पनि आजसम्म रेकर्ड छैन तर हुन्छ चै के भन्ने अब अलिकति समय अनुसार आफुले बढी लोड खेप्नुपरेको कारणले मलाईचाहिँ छिटो रिस उठ्छ क्या पहिले चाहिँ अब थाहा भएन हैन नयाँ नयाँमा अब यस्तै होला बानी भन्दाभन्दै अनि पछि चाहिँ आफू पनि नगर्ने अर्काले गरेको पनि नदेख्ने भनेजस्तै भएर अनि मलाई छुट्टै रिस उठ्छ तर अब मेरो कुरा नमान्ने मेरो कुरालाई नस्वीकार्ने चाहिँ अब छैन कोही पनि मेरो घरमा चाहिँ अहिले श्रीमानले भन्नुभए पनि मैले मान्ने मैले कुरा काट्ने हैन अब उहाँले बुझेन गरेन भन्दैमा मैले पनि उहाँको कुरा काट्ने गरेर हिड्ने हैन। उहाँले पनि मैले यसो गरौं है यो गर्दाचाहिँ ठिक होला कि जस्तो लाग्छ भन्दाखेरी अब यो ठीक होइन भन्ने कुराचाहिँ आउँदैन हाम्रो त्यस्तो छैन परिवारमा सल्लाह अनुसार नै हुन्छ कामचाहिँ जेपनि र अहिले चाहिँ मैले भनेको मान्नैपर्छ भन्ने चाहिँ छोराछोरीमा नि छैन किनभने छोराछोरी बाहिर फेरा हिड्ने भए अव स्टाफ नर्स सकेर नानी काम गर्दै छे ठुलो चाहिँ अनि अब सानो पनि प्लसटु सकिसक्यो त्यो भएर उनीहरुले पनि मलाई बरु के गर्ने कसो गर्ने यो यस्तो उस्तो यसो गर्दा ठिक हुन्थ्यो कि भनेर चाहिँ बरु सल्लाह दिन्छन् । अब मैले यसो गर है भने पछि गर्नैपर्छ भन्ने छैन के गर्दा ठिक हुन्छ भनेर बरु म पनि बच्चाहरु सँगै सल्लाह लिन्छु।

हजुर अनि अहिले तपाई जहाँ बस्दै हुनुहुन्छ नि त्यहाँ चाँही थरीथरीका जात जातिका मान्छेहरू हुनुहुन्छ हैन महिलाहरु हुनुहुन्छ हैन अनि त्यस्तो थरिथरिका जातजातिका महिलाहरुलाई समावेश गर्दा अनि त्यसपछि वहाँहरुलाई नै लिड गर्दा यो ग्रुप छनि तपाईंहरूको विहानी हो त्यो लिड गर्दाचाहिँ तपाईलाई कस्तो हुन्छ तपाईं माथि अध्यक्ष पदमा हुनुहुन्छ हैन तपाईंले हेरिरहनुभएको छ सबै कुरा तपाईंलाई आफूलाई चाहीँ कस्तो लाग्छ?

मलाई त यस्तो लाग्छ। म अध्यक्ष हुँ म यहाँको यो विहानीको अभिभावक हुँ ।मैले गरेको काम सबै मैले भनेको कुरा सबै यहाँको परिवारले मान्नुपर्छ भन्ने छैन समान हौं हामी उहाँहरुले मलाई जे सर सल्लाहा दिनुहुन्छ त्यो कहिल्यै म नाइ भन्दिन मैले भनेको कुरा पनि उहाँहरुले अहिलेसम्म काटेको छैन तर पनि अध्यक्ष पदमा रहँदारहँदै म यो यो अध्यक्षको पद भनेको चाहिँ एउटा गहन जिम्मेवारी हो। यो पदमा रहेर मैले भनेकै कुरा सबै साथीहरुले स्वीकार्नुपर्छ भन्ने चाहे मलाई एकप्रति पनि छैन सबै साथीहरूको मिटिङ सल्लाहा बिना हाम्रो केही सल्लाह नभईकन कुनैपनि काम हुँदैन यहाँ एक जनाको निर्णय एक जनाले यस्तो गर्नै पर्छ भनेर त्त्यो चाहिँ कहिल्यै हुँदै हुँदैन हाम्रो त्यस्तो यो पद हुँदैमा पदमा छु भन्दैमा हाम्रो त्यस्तो चाहिँ जबजस्ती चाहिँ छैन हाम्रो त एकदमै समान जुन हामी १३जना छौं १३जनामा तेरै जनाको बराबरी हैसियत बराबर उत्तिकै अधिकार उत्तिकै सबै कुरा समान छ भन्ने लाग्छ मलाई र त्यही हिसाबले गर्दा पनि सायद वहाँहरुले मलाई हरेक कुरामा अब जे गर्नुपरे पनि म्याडम यसरी जाँदा कस्तो हुन्थ्यो भनेर सोध्नुहुन्छ ठिक छ यो यसरी जाऔ यसलाई यसरी नै जाऔ न त के भो र भनेर सपोर्ट गर्छु म पनि अनि हाम्रो चाहिं त्यो एउटा साथी साथी जस्तो क्या सानो सानोमा बच्चाहरू गुच्च खेल्छन् नि त्यस्तै क्या हाम्रो चाहिँ यो कार्यक्रम लाखा लीखीरी पारालेहामी त सबै मिलेर अनि बसेर सबै जना बसेर कर्याक किरिक पारेर यसरी निर्माणहरु पनि कर्याङ किरीङपारेर लेख्छौँ लखरा लिखिरी काम पनि थाली हाल्छौं के त्यस्तो हाम्रो ठुलो ठुलो भाष्ट नेतागिरी हिसाबले पनि आउँदैन भाषण भुषण त्यस्तो ठोक्न पनि आउँदैन हामीलाई सानो तरिकाले जान्छौं के हामी त झन् क्षितिज सरहरुसँग सम्पर्क भयो लुमसँग लुमबाट त झन केटाकेटी खेलेजस्तो कुरा गर्नुपर्छ सानो सानो घरको कुरा हेर्नु भन्नुभएको छ अनि झन चुला चौका देखिको सुरु गर्छौं हामी ।

हजुर त्यसो भए जातीय भिन्नताहरू त्यस्तो खासै देखिँदैन है?

केही छैन यहाँ हामी राय मगर तामाङ अनि क्षेत्री बाहुनको छौं । सबै एकै खाले क्षेत्री बाहुनको पनि राई जस्तै हुनुहुन्छ कामी दमाई पनि हामी राइ मतवाली को जस्तै कुरा गर्नुहुन्छ । सबै हामी मतवाली जस्तै यहाँ त कोहि त्यस्तो स्वभावको अब भित्र छ भने बेग्लै कुरा हो व्यवहारमा चाहिं हामीसँग सबै एकैनासे छौं यहाँ त अहिले त अहिलेसम्म चाहिँ पछिपछि जन्मिने भाविहरु फरक आउँछन् के थाहा "।

हजुर यो महिला भन्ने पहिचानले चाहिँ तपाईहरु सबैलाई चाहिँ एकजुट बनाएको छ ।अनि तपाईं यो त सुरुमा नौलो कुरा नै भयो नि जुन तपाईले भन्नुभयो नि अनि हो यो कुराबाट चाहिँ तपाईंले आफू महिला भएको हिसाबमा के नयाँ नौलो विचारहरु तपाईंले आफूमा पाई राख्नु भएको छ '।

खासै त्यस्तो नौलो जस्तो त मलाई केही लागे छैन हुन त यो चाहिँ Interview भनेचाहिँ नौलै नै भयो यो पाटोचाहिँ यो इन्टरनेटबाट चाहिँ मौखिक चाही मलाई एकचोटी ओरेकले लिनु भएको थियो अनि २,३जनालाई लिन खोज्नु भएको थियो अनि एकजना चाहिँ म त भन्दिन के के भन्नु पर्छ होला भन्दिन भन्नुभयो ज्ञ जना साथीले अनि त्यतिखेर चाहिँ मैले भने के तपाईलाई के काहीँ ज्यान काटेर मारेको छ भनेर सोच्दैनन् नि डरउनु भएको जे आउँछ त्यही भन्ने हो नि त जसरी हो यस्तो मौका छोड्नुहुन्छ अनि पछि परेपछि पछिको पछि अनि विस्तारै झनझन पछि नै हुँदै गइन्छ। भनेर भनेको थिए तर अहिले यो नेटको मामलामा चाहिँ म पनि अलि पछि नै छु मलाई उचबअतष्अभ गरि रहन पनि मेरो घरमा नेट दिँदैन सबैभन्दा मुख्य समस्या अनि मनै नभएजस्तो मलाई यो नेटहरु चलाउन यस्तो म्यासेज गर्न इधर-उधर चाहिँ अब लाजै हुन्छ हुनचाहिँ हैन तर त्यो practice नगरिरहेको होला

मलाई त्यति राम्रो चलाउन आउँदैन तर मलाई यसरी बोल्न पाउँदा यहाँ मान्छे सँग कुरा गर्न पाउँदा चाहिँ त्यस्तो डर लाग्ने के बिग्रिने होकि केही नराम्रो भन्न नहुने कुरा भन्ने हो कि भनेजस्तो चाहिँ डर चाही मलाई लाग्दैन। अब यो बेला डराएर कहिले पो आट आउनुर भनेपछि टेक्नोलोजि Interview हरूको चाहिँ छुट्टै भयो तर तपाईं पहिला त बच्चाहरुलाई पढ्नु पर्थ्यो हैन ?अहिलेचाहिँ महिलाको हकहरूको कुराहरु बढी आइन्छ नि त अनि आफै पनि नयाँ सिक्नु हुँदै छ यही विषयमा चाहिँ आफुले महिला भएकै हिसाबमा आफूलाई जसरी हेरिन्छ नि आफुलाई नै त्यो चाहिँ तपाईंको भित्र चाहिँ परिवर्तन भएको छ कि या नयाँ कुरा थपिँदै छ कि ?

मलाई अब यो भन्नुभएको कुरा ठ्याक्कै याद आयो महिलाको हिसाबले महिलाको हक अधिकारको बारेमा कुरागर्दै हिँड्दाखेरी मैले पनि अधिकार को बारेमा महिलाहरुले पाउने हक कहाँसम्म हो र महिलाहरूको कर्तव्य कहाँसम्म हो भन्ने कुराचाहिँ के अब महिला कानुनमा महिलाहरु कहाँसम्म भन्ने कुरो सबै कुरा चाहिँ मैले बुझ्नुपर्ने हो जस्तो चाहिँ मलाई महसुस छ हैन नयाँ कुरा चाहिँ मेरो लागि त्यो छ तर मैले अब म अलि पढाइमा चाहिँ त्यति पत्रपत्रिकाहरू पढ्ने :भककबनभ हरु हेर्ने फेसबुक खोलेर हेर्ने त्यस्तो बानी चाहिं मेरो अलि कम छ क्या त्यही भएर त्यो मामलामा चाहिँ म अलि पछाडी छु अनि त्यही भएर पनि म हरेक कुराहरु जान्नु पर्ने कुरामा सबैभन्दा जान्नु पर्ने कुरा अहिले महिलाको क्षेत्रमा आइसकेपछि महिलाको अधिकार कानूनमा कहाँसम्म छ राज्यले महिलालाई कतिसम्मको हक दिइएको छ भन्ने कुरा त थाहा हुनुपर्यो नि तर त्यो चाहिँ मैले खोजी निन्दा गर्ने पढ्ने बानी चाहिं मेरो एकदम कमजोर पक्ष छ त्यो चाहिँ एउटा म बोलेको त छु हैन तर कानुनले कहाँसम्म दिएको छ राज्यले कहाँसम्म दिएको छ कहाँसम्म अधिकार दिएको छ कतिसम्म हामी बोल्न सक्छौं के के सम्म हामी गर्न सक्छौं भन्ने विषयमा चाहे अलि पछाडि नै परिरहेको छ तैपनिअब प्रयास गर्दै जाँदा बुजिएला जानिएला बोलिएला जस्तो पनि लाग्छ एकछेउमा नौलो नौलो कुरा त त्योजान्नै पर्ने हो जस्तो लाग्छ मलाई ।

अनि पहिला तपाई बच्चाहरूसँग काम गर्नुहुन्थ्यो होइन बच्चाहरुलाई सिकाउने पढाउने छुट्टै एउटा तरिका हुन्थ्यो भने-अहिले फेरि ठूला मान्छेहरुसँग जस्तै महिला पुरुष हुर्केको हरुसँग कुरा गर्नुपर्ने वहाँहरुलाई सिकाउनुपर्ने हुन्छ त्यसमा चाहिँ कतिको गाह्रो छ या कस्तो कस्तो भिन्नताहरू चाहिँ भेट्टाउनु हुन्छ तपाईंले ?

अब महिला समूहमा गएर बोलिसकेपछि अब गाउँमा झन साह्रो सिधासाधा नपढेलेखेका महिलाहरुसँग कुरा गर्दाखेरि फ्याक्टकुरा एकदम सटकटमा हुनेहरुले बुझ्नेगरी बोल्नु पर्ने हुन्छ अनि त्यो भएकोले अब म चाहे सहज रुप लिन त्यसलाई एकदम अफठ्यारो लाग्छ मलाईचाहिँ तर मेरो टिममा साथीहरु हुनुहुन्छ साथीहरूलाई लिएर जान्छु अनि कोही ठाउँमा अहिले मैले बोली हाल्नु परेपनि अब के के कुन अवस्थामा के के बोल्नुपर्छ भन्ने कुरा चाहे म पहिले नै सोचिरहेको हुन्छु अनि अब हामीले सधैं घर झगडा गर्नु हुँदैन जाँड रक्सी खानु हुँदैन भन्ने कुरा त सबैलाई थाहा छ तर पनि खाएर आउँछ त श्रीमानलेरक्सी खाएर एउटा उदाहरण पारिवारिक सम्बन्धकै कुरा गराउन हैन उदाहरणको लागि तपाईंको श्रीमानले जाँडरक्सी खाएर आउँछ अनि मातिएर आएर तपाईंसँग झगडा पिट्न नाच्छ कुट्न खोज्छ होइन। त्यस्तो अवस्थामा अब क्षणिक उसको दिमाग ले त काम गरेको हुँदैन त्यो अवस्थामा तपाई अलिकति साइट लाएर बस्नु। भोलि हामीसँग कुरा गर्नु । त्यो बेलामा कहाँसम्म श्रीमतीले श्रीमानलाई र श्रीमानले श्रीमतीलाई जाँड खाएर आएर कुट्नु पर्छ पिट्नु पर्छ भनेर कहाँ कुन कानुन कति नम्बरमा लेखिएको छ भनेर हामी सोध्न थाल्छौं। अनि त्यस्तो बेलामा चाहिँ केही हामीले पनि

बोल्नु सक्नुपर्ने रहेछ । अब अलिकति आफ्नो गल्ती छैन भने देखिन डराई बोल्नुपर्ने रहेछ । भन्नेचाहिँ कुराहरुसिक्छन् महिलाले हैन? त्यसरी हामी साधारण भाषागत हिसाबमा सिकाउँछौं क्या हामीचाहिँ

तर बच्चाहरुलाई भन्दा ठूलो मान्छेलाई पढाउन गाह्रो हो?
गाह्रो अनि अलिकति चित्त बुझेनन् भने ७बमक को त श्रीमान पनि सर हुनुहुन्छ र पो ठूलो कुरा गर्नुहुन्छ त्यो पनि म फेरि उहाँहरुलाई भन्छु त्यतिखेरै तपाईहरुलाई लाग्ला म त म्याडम हो म्याडमले त पढेको छ सबै बुझेको छ ।भन्नुहुन्छ होला। त्यो पनि होइन व्यवहारमा म भन्दा तपाईहरु धेरै बुझ्ने हुनुहुन्छ म त सानो केटाकेटीहरूकोसाथमा बस्ने अनि मसीना केटा केटीहरुसँग खेलेर हिँड्थे यसरी दुःख पनि मलाई तपाइँहरुलाई जति थाहा छैन तपाईंहरुले जति मैले कुटाई पनि खा छैन गाली पनि खा छैन तपाईहरु धेरै दुःख कष्टमा हुनुहुन्छ। तर अब यो दुःख कष्टमा सधैं डुबेर बस्ने हैन समूहमा आउनुस् तपाईहरुलाई यस्तो झैंझगडा भएर कुटाई खाएर बस्नुपर्दैन तपाईहरुको समूहमा आउनेबित्तिकै हामी समूह बसेर छलफल गर्छौं। उहाँहरुलाई सम्झाऊँछौ। तपाईहरूको श्रीमानलाई हामी सम्झाउछौं। भएन भने हामी कानूनी कठघेरामा पुर्याएर पनि तपाईंको श्रीमानको बानी छुट्याउने कोसिस गर्छौं। भनेर सम्झाएपछि महिलाहरु पनि नजिक हुनुहुन्छ आउनुहुन्छ झैँ झगडा भयो भने आउनु हुन्छ यहाँ ।

ए मलाई एकजना राई दिदीले नै एकचोटी के भन्नुभएको थियो भने पहिला म बच्चैदेखि छुच्ची थिएँ तर समाजले मलाई छुच्ची हुनु हुँदैन भनेर मेरो त्यो छुच्चोपन एकदमै मैले दबाएर राखि राख्थे अहिले म खुलेआम छुच्चो हुन्छु । म झन् गर्व गर्छु छुच्चि छु भनेर भन्नुहुन्थ्यो क्या तपाईपनि त्यस्तो के तपाईंलाई पनि त्यस्तै लाग्छ ?

लाग्छ तर म जति छुच्चो हुन्थे म फेरि त्यो ठूलो मान्छेसँग मात्र हो कक्षामा बस्दा बच्चाहरुलाई त्यस्तो ठ्याम ठ्याम पिट्ने झगडा गर्ने कुट्ने खेल्दै पढाउँदै पिट्दै गर्ने चाहिँ होइन ।अब के भन्छ रे बच्चाहरुसँग चाहिँ म एकदम रिस थिचिएर को पारेर यत्रो गाँड फुलाएर रिस चाहिँ पोको पारेरउनीहरुलाई चाहिँ राम्रै भाषामा पढाउँथे ठुलो मान्छेहरूसँग पनि त्यती झगडा गरेको रेकर्ड त छैन परिआइ लाग्दा चाहिँ पछि हटिदैन एकजना अलि त्यस्तै सिम्पल मान्छेलाई चाहिँ पड्काएको छु । मैले मलाई भोक लागेको बेला ।बिहानी कक्षा थियो बिहानी कक्षामा १२ बजे छुट्टी भएर २ बजेझरेको क्या बजारमा आफ्नो गाउँ घर छेउमा त्यसले त के के भनेर गाली गर्न थाल्यो। झ्याप्प समातेर झर्याम्मा हान्या छु एकचोटि चाहिँ अब अरु छैन मेरो ।

हजुर यही परिवारिक विषयमा चाहिँ तपाईले आफ्नो त्यो छुच्चो पन चाहिँ दबाएर राख्नु पर्ने के अवस्था थियो ?

परेन परिवारीक अवस्थामा चाहिँ त्यस्तो निकाल्नै परेन क्या निस्किन्थ्यो होला तर निकाल्नै परेन क्या जाडरक्सी जस्ता कुराबाट टाढै त्यहि भएर त्यस्तो परेन ।

हजुर अनि सामाजिक कार्यहरुमा चाहिँ?
पर्या छैन काहिँ पनि पर्या छन् बजाउनु पर्या छैन अहिलेसम्म सरसल्लाह र कागजी घोडमै अहिले सम्म पुगेको छ।
अनि छितिज दाईले मलाई भन्नु भाको थियोतपाईंको एउटा माछापोखरी भन्नुभएको थियोमेरो ?
हजुरछितिज दाईले त्यस्तो भन्नुहुन्थ्यो?
एहेछितिज सरले त फेरि के सम्झना आइरहेको रहेछ है । छ त

यसको कथा चाहिँ के हो कसरी शुरु गर्नुभयो के हो त्यो?

त्यो कथा चाहिँ मैले अब जागिर छोडिसकेपछि म के गरेर बस्नु म दैनिक अब तेत्रो सय डेढसय दुई सय तिन सय विद्यार्थीको मासमा बस्ने मान्छे म घरमा के जुम्रा हेरेर बस्नु अब म पोखरी खनेर चाहिँ माछा ठुलो ठुलो पार्छु अनि पैसा पनि धेरैधेरै कमाउँछु समय पनि माछालाई चारो दिएर बिताउँछु भनेर पोखरी खनेको पोखरी खनेर सरकारी बाटै तीस हजार ऋण लगेर अनि भुरा ल्याएर चाहिँ लगाको पोखरीमा अनि माछाका भुरा लगिसकेपछि उसलाई त माछाको दाना अनि गुन्डा अनि पिना चोक्करलगेर मुछेर लगेर खुवाउनु पर्दोरहेछ अब म मूलालाई कसले बोकी दिने त्यो चोक्कर गाडी पनि जाँदैन अनि त्यो पनि घाँडो भयो त्यस माथि पनि स्वाट्ट बिहानीमा आएर यिफसँग कहिले काठमाडौं कहिले धुलिखेल केको माछालाई चारो हाल्नु माछा त यतिखेर २ केजीको हुनुपर्ने १ पाउको छ माछा त छ जति मात्रामा बढ्नुपर्ने हो त्यो चाहिँ भएन तर चाहिँ छ माछाँ जेहोस् यतिखेर चाहिँ डेड केजीको हुनुपर्ने । १ पाउको छ माछाकति वर्ष भयो?कति महिना भयो ? वैशाखमा मैले जागिर छोडे एक बर्ष भएर चैतमा एक बर्ष भएर डेढ वर्ष भयो मैले भुरा हालेको चाहिँ।

अनि तपाई त राजीनामा दिएर त नि खुब रमाइलो पो गर्छु नाचगान गर्छु भन्नुहुन्थ्यो त फेरी माछा तिर लाग्नु भयो ?

माछापोखरी त मेरो विचार चाहिँ के भने माछा पोखरीमा चाहिँ अब एक बाल्टिन पिना एक बाल्टिन चोकर र एक बाल्टिन माछाको दाना मुछेर माछापोखरीमा हाल्दिन्छु अनी जान्छु गाउँ घुम्न साथीभाईसँग रमाइलो गर्छु गफ छाड्छु भनेर सोचेको त्यो सोचेको एकातिर यता लुमले स्वाट के भन्छ रे बिहानीले तानी ल्यायो बिहानीले ल्याइसकेपछि यिफसँग खामखुम उता उतै भेला हुँदै दिन गरिहाल्छ मेरो यी गरीगरी यहाँ आईज अब भन्नुहुन्छ घरी यसो गर त्यसो गर भन्नु हुन्छ ल ल गर्दैछु क्या गर्दैछु भन्छु हुँदैन अनि त्यो माछापोखरी बिर्सी पनि सके अब त ।

हजुर यतैतिर रस भिजी सक्यो तपाईलाई ?

अ यतै तिर रस भिजीसक्यो बरु २०रुपैयाँको चटपटे खाएपनि माछा को जतिकै रमाइलो हुन्छ ।

यता अनि हाम्रो अरुणाको चाहिँ के प्रश्न थियो भने जुन तपाईले भन्नुभयो नि तपाईहरु शिक्षक त्यो जागिर दिने बेलामा चाहिँ उनीहरुले घर भन्दा टाढा कता गाउँमा कुनामा राखिदिने मिलाईदिने हो त्यस्तो चाहिँ केअरु घटना नै भएको थियो जागिर नै नदिनको लागि अथवा महिलाहरुलाई नै जागिर खानाबाट बन्देज गराउनको लागि त्यस्तो गरेको केही घटना भएको थियो ?

त्यस्तो चाहिँ केही होइन त्यै हो अलिकति अब शिक्षा कार्यालय अब जुनसुकै काम गर्दा पनि त अब माथि हेडहरुले त आफूलाई सुविधा खोज्छ नि त अब आफ्नो मान्छेहरुलाई चाहिँ अब कतै नजिकमा राख्न खोज्या होला मलाई त त्यो राम्रै कोटा कहाँ के छ भन्ने कुराचाहिँ थाह थिएन तैपनि म चाहिँ अलि म अलि छुच्ची मान्छे गएर चाहिँ त्यो शिक्षा कार्यालयले पहिले नै हामीलाई किन कबुलियतनामा गराउनु त तपाईंहरुले धनकुटा गएर आएर पाच बर्ष चाहिँ अनिबार्य काम गर्नुपर्छ धनकुटाको टेनिङसक्ने बित्तिकै तपाईहरु आएर बिहे गरेर बस्न चाहिँ पाउनुहुन्न भनेर चाहिँ उनीहरुले हामीलाई यहाँबाट चेतावनी दिएर पठाएपछि त उनीहरुले चाहिँ कबुलियतनामा गराएपछि उनीहरुले पनि बाचा पूरा गर्नुपर्ने नि त अब भान्सेले चाहिँ भातै नदिई खा तैले एक माना को भात खानै पर्छ भनेर हुन्छ त

पहिला भात दिनुपर्यो नि थालमा भनेर म चाहिँ त्यो सरहरुले हामीलाई जाँदाखेरि जुन चेतावनी दिनु भाथ्यो हामी विद्यार्थी जीवनबाट भर्खरै एसएलसी दिएर आएको एउटा गाउँले परिवेशमा हुर्केको केटाकेटी हामी बोल्न नसक्ने लाटो सोझो देखेर डर देखाएर पठाउने अनि उनीहरूको डरले उहाँबाट पढेर  मेहनत गरेर पास गरेर आइसकेका छौं अनि हामीलाई चाहिँ काम दिनु परेन? गधाले दाना नखाइकन भारि बोक्छ?भनेर चाहिँ हामी चाहिँ सबैले पास गर्न सकेनौं फेरी छ जनामा तीनजनाले गरेको तीनजनामा एकजनाको  भन्दाभन्दै आउने बित्तिकै विवाह गरेर गई हाल्नुभयो दुई जना थियौं पास गर्ने त्यसमा पनि सबैभन्दा छुच्ची राईनी मै परे म चाहे शिक्षा कार्यालय गइरहे क्या मलाई त जागि चाहिँयो तपाईहरुले  किन जागिर पाँच वर्ष खा भन्नुभएको थियो हामीलाई तालिममा पठाउँदा जागिरै नदिई कसरी पाँचवर्ष पुर्याउनु खुरुक्क यहाँ नियुक्ति दिनु पर्यो भनेर ४, ५चोटी धाएपछि मलाई empower

**समाप्त**

LOOM